# राजस्व सुधार कार्ययोजना

## [Revenue Improvement Action Plan]



## गैडाकोट नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

**गैडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

**गण्डकी प्रदेश**

**असार, २०७७**

# कार्यकारी सारांश

गैंडाकोट नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था अध्ययन तथा आन्तरिक स्रोतका सम्भावनाहरूको विश्लेषणका आधारमा आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण सहितको राजस्व सुधार कार्ययोजना तयार गरिएको छ । यसका लागि सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास, तथ्यांक संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, अन्तरक्रिया लगायतका विधिहरू प्रयोग गरिएको थियो ।

### सवल पक्ष

नगरपालिकालाई प्राप्त राजस्व अधिकारका क्षेत्रहरूमध्ये सम्पत्ति कर, ब्यावसाय कर, घरजग्गा वहाल भूमि कर (मालपोत), बहाल बिटौरी शुल्क, सिफारिस, नक्सापास दस्तुर, मूल्यांकन लगायतका शीर्षकहरूमा यस नगरपालिकाले राजस्व संकलन गर्दै आइरहेको छ । आन्तरिक आय केही वर्ष यता अनुमानभन्दा धेरै उठ्ने गरेको छ । राजस्व संकलनको कार्य राजस्व शाखा तथा वडा कार्यालयहरू समेतबाट गर्ने ब्यवस्था मिलाइएको छ । राजस्वको दर तथा दायराको परिमार्जन, असुली प्रकृयामा सरलीकृत गर्दै नगरपालिकाले आन्तरिक आय बृद्धिमा विभिन्न प्रयासहरू गरिरहेको छ। यस नगरपालिकामा राजस्वका दायराहरूको बृद्धिको सम्भावना समेत उल्लेख्य रहेको छ । बहाल विटौरी लगायतमा पछिल्लो समयमा नगरपालिकाले गरेका पछिल्ला प्रयासहरू प्रभावकारी भएका  छन् ।

### कमजोर पक्ष

करका दर तथा दायरा र यसको परिचालनका बारे करदातालाई सचेतना अभिवृद्धि गर्न नसकिएको र करका शीर्षक धेरै भएकाले त्यसमा भएको अलमललाई स्पष्ट गर्न नसकिएको जस्ता कमजोरी रहेका छन् । राजस्व प्रशासनमा कर्मचारीको संख्या तथा क्षमतामा कमी रहेको र अझै पनि सम्पत्तिकर बाहेक अन्य कर तथा शुल्कहरूको असुली प्रकृयामा सफ्टवेयरको प्रयोग गर्न नसकिएको कारण राजस्व प्रशासन अझै पनि प्रभावकारी हुन सकिरहेको छैन । उदाहरणको रूपमा, सबै वडाबाट कर असुली गर्ने ब्यवस्थामा एकरुपता आउन नसकेको र हातैले नगदे रसिद काट्ने र त्यसको अभिलेख नगरपालिकामा नरहने जस्ता समस्याहरू रहेका छन् ।

### अवसर

गैडाकोट नगरपालिका तीव्र गतिमा सहरीकरण हुँदै गइरहेकाले यहाँ नयाँ करदाताका संख्या र कर रकम दिनानुदिन बढ्दै जानेछ । त्यसका साथै धेरै ऐलानी, प्रति जग्गाहरूमा लगाउन सकिने बहाल विटौरीको पूर्ण कार्यान्वयनबाट पनि नगरपालिकाको आयमा उल्लेख्य बृद्धि हुने देखिन्छ । त्यसै गरी पर्यटकीय क्षेत्रहरूको विकासबाट पनि आय आर्जन गर्न सकिने, विजिनेश कम्पलेक्समा लगानी आकर्षण गर्न सकिने र भरतपुर नारायणगढ क्षेत्रको ब्यावसयिक चापलाई गैंडाकोटतिर आकर्षण गर्न सकिने देखिन्छ ।

### चुनौतीहरू

सम्पत्तीकर प्रयोजनका लागि सम्पत्तिको मूल्यांकन न्यून रहेकोले पुनरावलोकन गर्न समझदारी कायम गर्न तथा करदाता कर तथा शुल्क दिन अभिप्रेरित गर्न सजिलो छैन । असल करदातालाई सम्मान गर्ने नीति रहे पनि त्यसलाई न्यायोचित बनाउन कठिनाइ हुन सक्छ । कर तथा शुल्कलाई पारदर्शी बनाई विकास निर्माणमा खर्च भएको प्रत्याभूत गर्न र नयाँ क्षेत्रहरूमा दायरा वृद्धि गर्दा विभिन्न कठिनाइ आउन सक्दछन् ।

### विद्यमान अवस्था

नगरपालिकाले नगरबासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरूप आर्थिक ऐन मार्फत दर निर्धारण गरी सेवा शुल्कहरू संकलन गरिरहेको छ । गैंडाकोट नगरपालिकामा आ.व.२०७३।७४ देखि सम्पत्तिकर लागु गरिएको हो । सम्पत्ती कर नगरपालिकाको प्रमुख आन्तरिक

स्रोतको रूपमा रहेको छ । नगरपालिकाभित्रका कुनै पनि घर, टहरा, पसल, ग्यारेज, उद्योग, जग्गा, पोखरी आदि बहालमा लगाइएको अवस्थामा लिइने कर घरबहाल कर १० प्रतिशतको दर कायम गरिएको छ । नगरपालिकाले विभिन्न व्यवसायहरूको वर्गीकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरेको छ । हालको कानुनी व्यवस्था अनुसार नगरपालिकाले सीमित सवारी साधन (ई-रिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार कार्यान्वयन हुन सकेको छैन । त्यसैगरी नगरपालिकाले सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल, ब्यानर अदिमा विज्ञापन कर असुली गर्न ठेक्का प्रथा अवलम्वन गरिएको छ ।

नगरपालिका आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लागु भएको छ । यसलाई प्रभावकारी गर्न सकेमा नगरपालिकाले विगतका वर्षहरूमा संकलन गरिरहेको बहाल बिटौरीभन्दा अझ बढी राजस्व असुली गर्ने सम्भावना देखिन्छ । नगरपालिकाले प्रदान गर्ने संघ संस्था सिफारिस, नक्सापास, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजका लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरेबापत लिइने दस्तुर नगरपालिकाको प्रमुख आन्तरिक आयमध्येको एक बनेको छ ।

### सुझावहरू

- सम्पत्ति कर नगरपालिकाको प्रमुख आन्तरिक स्रोतको रूपमा रहेकाले यसका करदातालाई करको दायरामा ल्याउन सूचना प्रणालीलाई मजबुत गर्नु पर्ने देखिन्छ। र सम्पत्ति मूल्यांकनको आधार पनि पुनरावलोकन गर्न आवश्यक छ ।
- घरजग्गा बहाल कर प्रभावकारी रुपमा असुली गर्न ब्यावसायिक प्रयोजन बाहेकका जस्तै निजी तथा कृषि प्रयोजनका लागि करको दरमा पुनरावलोकन गर्नु न्यायोचित हुन्छ। साथै न्यूनतम भाडा रकम (स्थान र क्षेत्रफलको आधारमा) तोकी अनुगमनलाई प्रभावकारी बनाउदा रकको दायरा बढ्ने छ ।
- ब्यावसायिक करका लागि एक पटकका लागि घर दैलो गरी दर्ता प्रकृया गर्नु पर्ने देखिन्छ । आर्थिक ऐनको तर्जुमा गर्ने क्रममा सम्बन्धित सरकोरवालासँग ब्यापक छलफल गरी ब्यवासायिक कारोबार तथा पूँजीगत लगानीका आधारमा आवश्यकता भए वर्गीकरण समेत गरी कर निर्धारण गर्नु पर्दछ, जसले गर्दा सरोकारहरूको साथ र सहयोग रहनेछ र करको दर तथा दायरा बुद्धि हुनेछ ।
- सवारी साधन (ईरिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको संख्या निकै न्यून रहेको भए पनि दर्ता तथा नवीकरण गरी सवारी साधनहरूलाई नियमन तथा दर्ता प्रकृयामा समेत ल्याउन आवश्यक छ ।
- नगरपालिकाले सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल, ब्यानर अदिमा विज्ञापन कर असुली गर्न ठेक्काबाट हुदै आएकामा करदाताप्रति न्यायोचित ब्यवहार भए नभएको र बजारको सौन्दर्यमा प्रतिकूल असर परे नपरेको अनुगमन गर्नु पर्ने देखिन्छ ।
- नगरपालिका आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लिइने बहाल बिटौरी शुल्क हाल असुली भएको भन्दा बढी राजस्व असुली गर्ने सम्भावना रकेकाले दायरामा आए नआएको अनुगमन गरी विस्तार गर्नु पर्ने देखिन्छ ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्ति वा रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य वस्तुहरूको बिक्री बाट सम्भावना भएर पनि आम्दानी हुन नसकिरहेको अवस्थालाई शीघ्रासिशीघ्र अन्त्य गर्नु पर्छ र ठेक्का वन्दोवस्त गर्न तथा सम्भव नभए अमानतमा पनि आय गर्नु पर्ने देखिन्छ ।

- नगरपालिकाले नगरबासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरे वापत जस्तै संघ संस्था सिफारिस, नक्सापास, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजका लागि सिफारिस जस्ता सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरूप सेवा शुल्कहरू निर्धारण गर्दा, त्यस सेवा दिँदा वा नियमन गर्दा लाग्ने समय र जनशक्तिको आधारमा निर्धारण गर्नु पर्दछ र न्यायोचित बनाउनु पर्दछ ।
- नयाँ क्षेत्रहरूको पहिचान, ब्यावसायिक लगानी अभिबृद्धिका लागि लगानीमैत्री वातावरण सिर्जनाका लागि आवश्यकता अनुसार अध्ययन, अनुसन्धान, लगानी सम्मेलन गरी आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्नु पर्दछ ।
- स्थानीय राजस्वका सम्बन्धमा जनप्रतिनिधि लगायत राजस्वमा काम गर्ने कर्मचारीको क्षमता विकास, प्रविधि विकास तथा अनुगमन नियमित रूपमा गर्नु पर्दछ ।
- नगरबासीले तिरेको कर, शुल्क, महसुल र दस्तुर नगरको आधारभुत सेवा तथा विकास निर्माणको खर्च भएको सुनिश्चितताका लागि पारदर्शितामा जोड दिनु पर्दछ ।
- कोभिड १९ पछि उत्पन्न परिस्थितिमा करदाताहरुलाई राहत दिन पर्ने देखिन्छ । लकडाउन वा ब्यापार ब्यावसयमा पर्न सक्ने क्षतिको आधारमा छुट दिन सक्ने ब्यवस्था आर्थिक ऐनमा समावेस गर्नु पर्ने देखिन्छ । यसरी भएको क्षतिलाई करको दायरा बृद्धि गरि पूर्ति गर्न सकिन्छ ।

**अन्त्यमा,**

कर तथा गैरकर राजस्वको असुली सकारात्मक देखिए पनि सबै क्षेत्र र सबै करदाताहरूलाई कर तथा राजस्वको दायरामा ल्याउन सकिएको छैन । यसका लागि विभिन्न क्षेत्रमा सुधार गर्नु पर्ने देखिन्छ । यसका लागि राजस्व ऐन, आवश्यक नीति तर्जुमा, नयाँ क्षेत्रको पहिचानका लागि अध्ययन तथा क्षमता विकासका कार्यक्रम आवश्यक पर्दछन् । करदाता शिक्षा कार्यक्रमलाई अभियानकै रूपमा संचालन गर्ने, करदाताको सूचना संकलन गर्ने र बाँकी वक्यौताको जानकारी दिने प्रविधिको विकास गर्ने, समय सीमाभन्दा अगाडि कर तिर्नेलाई सुविधा तथा पछि तिर्नेलाई जरिवानाको ब्यवस्था गर्ने, अभिलेख ब्यवस्थापन तथा राजस्व प्रशासन चुस्त दुरुस्त बनाउनु पर्ने महत्वपूर्ण पक्षहरू हुन् ।

आान्तरिक आय परिचालनका दृष्टिकोणले गैंडाकोट नगरपालिका मध्यम देखिएको छ । नगरभित्र रहेका श्रोत साधनहरूको प्रभावकारी परिचालन, ब्यावसाय तथा घर बहाल कर असुलीका प्रकृयामा सुधार, नयाँ र नवीन ब्यावसायीहरूलाई लगानी प्रति आकर्षण गर्न गरी कर तथा गैर कर राजस्वको अवस्थामा सुधार गर्नु पर्ने देखिन्छ । राजस्व शाखाको स्तरोन्नति, कर्मचारीको स्पष्ट कार्य विवरण, मजबुत अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना, उत्प्रेरणात्मक विधिहरूको अवलम्बन, नागरिक केन्द्रित राजस्व प्रशासन जस्ता पक्षहरूलाई सम्बोधन गर्ने गरी राजस्व संगठन मजबुत वनाउनु पर्ने देखिन्छ ।

हालको परिवर्तित ब्यवस्था अनुसार राजस्व परिचालनका क्षेत्रमा गर्नुपर्ने कृयाकलापहरूको पहिचान र योजनाका साथमा अगामी आर्थिक वर्षहरूमा संकलन हुन सक्ने राजस्वको प्रक्षेपण समेत यस दस्तावेजले समेटेको छ । करदाताको संख्याका आधार तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन हुने अपेक्षा सहित आ.व. २०७७।०७८ का लागि नौ करोड ८५ लाख, २०७८।०७९ का लागि ११ करोड ३१ लाख र आ.व.२०७९।०८० का लागि १२ करोड २८ लाख प्रक्षेपण गरिएको छ । आन्तरिक स्रोतको प्रभावकारी परिचालनका लागि स्थानीय तहहरूमा स्पष्ट ऐन, नीति एवं कार्ययोजना, आवश्यक संगठनात्मक ब्यवस्था, दक्ष जनशक्ति र यथेष्ट सूचना तथा तथ्यांकहरूको उपलब्धता हुन जरुरी छ ।

# विषय सूची

**परिच्छेद १ – परिचय ........................................................ १**
१.१ पृष्ठभूमि ........................................................ १
१.२ अध्ययनको उद्देश्य ........................................................ १
१.३ अध्ययन विधि तथा प्रक्रिया ........................................................ १
१.३.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन ........................................................ २
१.३.२ तथ्याङ्क/सूचना सङ्कलन फारम तथा सूची विकास ........................................................ २
१.३.३ तथ्याङ्क/सूचना सङ्कलन ........................................................ २
१.३.४ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी ........................................................ २
१.३.५ प्रतिवेदनको अन्तिम रूप ........................................................ २
१.४ अध्ययनको सीमा ........................................................ ३

**परिच्छेद २ – राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन ........................................................ ४**
२.१ नगरपालिकाको संक्षिप्त परिचय ........................................................ ४
२.२ अवस्थिति तथा पहुँच ........................................................ ५
२.३ राजस्व प्रशासन ........................................................ ६
२.४ आय समिक्षा ........................................................ ६
२.४.१ संचित कोष ........................................................ ६
२.४.२ आय परिचालनको वर्तमान अवस्था ........................................................ ६

**परिच्छेद ३ – आन्तरिक आय सम्भावना विश्लेषण ........................................................ ९**
३.१ नगरपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ........................................................ ९
३.२ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू ........................................................ १०
३.३ राजस्व प्रशासन नीति तथा राजस्व परिचालन सवालहरू ........................................................ ११
३.३.१ श्रोत परिचालन नीति ........................................................ ११
३.३.२ राजस्व परिचालन समस्याहरू ........................................................ १२
३.४ आन्तरिक स्रोत तर्फका राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........................................................ १३

**परिच्छेद ४ – राजस्व सुधार कार्य योजना ........................................................ १९**
४.१ राजस्व परिचालन नीति ........................................................ १९
४.२ राजस्व परिचालन कार्यनीति ........................................................ १९
४.३ राजस्व सुधार कार्य योजना ........................................................ २०
४.४ राजस्व प्रक्षेपण ........................................................ २५
४.५ निष्कर्ष र सुझाव ........................................................ २७

**अनुसूचि १ गैडाकोट नगरपालिकाको राजस्व ऐन, २०७७ को मस्यौदा ........................................................ ३१**
**अनुसूचि २ गैडाकोट नगरपालिकाको आर्थिक ऐन, २०७८ को मस्यौदा ........................................................ ४४**
**अनुसूचि ३ तथ्याङ्क/सूचना सङ्कलनका लागि प्रयोग गरिएको फारम तथा सुची ........................................................ ७०**
**अनुसूचि ४ राजस्व सुधार कार्ययोजना कार्यक्रम छलफलका केही झलकहरु ........................................................ ७०**

## परिच्छेद १ – परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधान र प्रचलित कानुनहरूले आर्थिक तथा प्रशासनिक सक्षमताका आधारमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आयकर लगाउने अधिकार सङ्घीय सरकारलाई दिएको छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर, मनोरञ्जन कर, कृषिमा आयकर लगाउने अधिकार प्रदेश सरकारको अधिकार क्षेत्रभित्र राखिएको छ भने मालपोत/भूमिकर, सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, घर बहाल कर र व्यवसाय करलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । यसैगरी गैर करहरूमा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिबाना लगाउने अधिकार सङ्घीय सरकारलाई, पर्यटन शुल्क, सेवा शुल्क तथा दण्ड जरिबाना लगाउने अधिकार प्रदेश सरकारलाई र सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिबाना लगाउने अधिकार स्थानीय सरकारलाई दिइएको छ । प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी केन्द्र, प्रदेश र स्थानीय सबै तहको सरकारले पाउने व्यवस्था गरिएको छ । सबै तहले अधिकारको प्रयोग गर्दा कानुन बनाएर गर्नु पर्ने व्यवस्था छ भने कुनै पनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ ।

स्थानीय तहका प्रत्येक नगरपालिका र नगरपालिकाले राजस्व असुली तथा खर्च सम्बन्धी विषयमा सम्बन्धित सभा समक्ष विधेयकको रूपमा प्रस्ताव राखी सो प्रस्ताव बहुमतबाट पारित गरी सो पारित भएको विधेयकलाई प्रदेश कानुन बमोजिम (धारा २२६) प्रमाणित गरी ऐनको रूप लिएपछि मात्र आम्दानी तथा खर्च गर्न मिल्छ । स्थानीय तहले कुनै कर लगाउँदा त्यस्तो करको आधार, दर र सङ्कलन गर्ने तौर तरिका कानुनमा व्यवस्था गरेरमात्रै गर्नु पर्छ ।

स्थानीय तहको सीमित कर आधार, स्थानीय तहबीच वित्तीय स्रोतको असमानता, खर्चको जिम्मेवारी र प्राप्त आयबीचको बढ्दो दूरी, राजस्व परिचालन क्षमताको कमी तथा स्थानीय तहहरूको आकार, जनसङ्ख्या, सेवाको आवश्यकता र वित्तीय एवम् सङ्गठनात्मक क्षमता जस्ता विषयमा रहेको विविधता आदि जस्ता कारणहरूले स्थानीय तहलाई तोकिएको जिम्मेवारी पूरा गर्न आवश्यक वित्तीय स्रोतको अभाव पूर्ति गर्न अनुदान दिने गरीन्छ । नेपालको संविधानमा वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान दिने व्यवस्था गरिएको छ ।

अनुदानको प्राप्तिसँगै नगरपालिकाले वित्तीय अनुसासन तथा वित्तीय नियमको पालना गर्नुपर्ने प्रावधान रहेको छ । वित्तीय व्यवस्थापनको पालनाभित्र नगरपालिकाहरूले आफ्नो आन्तरिक स्रोतको प्रक्षेपण गर्ने, सम्भाव्यता अध्ययन एवम् राजस्व अभिवृद्धिका लागि छुट्टै योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने कुरालाई समेत अनिवार्यता बनाएको छ । स्थानीय सुशासन र सेवा प्रवाहमा प्रभावकारी र उपलब्धिमूलक नतिजा प्राप्तिका लागि गैडाकोट नगरपालिकाको राजस्व पक्षलाई थप प्रभावकारी बनाई राजस्व परिचालन बढाउने प्रयास स्वरूप **राजस्व सुधार कार्ययोजना** दस्तावेज तयार गरिएको हो ।

### १.२ अध्ययनको उद्देश्य

यस कार्यको समग्र उद्देश्य नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका सम्भावनाहरूको विश्लेषण गरी प्रक्षेपण सहितको राजस्व सुधार कार्य योजना  तयार गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका सहायक उद्देश्य निर्धारण गरिएको छ :

- नगरपालिकाको आय अधिकारका सम्बन्धमा अभिमुखीकरण गर्ने
- नगरपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गर्ने
- आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढीकरण कार्य योजना  तयार गर्ने ।

### १.३ अध्ययन विधि तथा प्रक्रिया

यस राजस्व सुधार कार्य योजना तर्जुमा कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरूको विकास, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, सहभागितामूलक छलफल लगायतका विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई निम्नानुसारले प्रस्तुत गरिएको छः

### १.३.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

यस कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामग्रीहरू देहायअनुसार रहेका छन् :

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४
- नगरपालिका को आ.व.०७६।०७७ को योजना, नीति बजेट तथा कार्यक्रम
- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरूले निष्कासन गरेका कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरू ।

### १.३.२ तथ्याङ्क/सूचना सङ्कलन फारम तथा सूची विकास

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषण पश्चात परामर्शदाताबाट तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारमहरू तयार गरिएको थियो । नगरपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्याङ्क सङ्कलनका लागि फारमहरूको समेत प्रयोग गरिएको थियो ।

### १.३.३ तथ्याङ्क/सूचना सङ्कलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाको कार्यालय तथा वडाहरू र विभिन्न शाखाहरूबाट आवश्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको थियो । यस कार्यका लागि कार्यालयका सूचना तथा तथ्याङ्क अभिलेख, सरोकारवाला पक्षहरूसँगको छलफल, स्थलगत भ्रमण तथा अवलोकन आदि विधि अवलम्बन गरिएको थियो । यस क्रममा निम्नानुारका तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरीयो :

- नगरपालिकाबारे संक्षिप्त जानकारी
- वर्तमान राजस्व प्रशासनको अवस्था (सङ्गठन संरचना, कर्मचारी, राजस्व असुली तथा भौतिक सुविधा आदि)
- राजस्व परिचालनका लागि अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरू
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना (सम्बन्धित तथ्याङ्क, सरोकार पक्षहरूसँग छलफल, स्थलगत भ्रमण तथा अवलोकन)
- नगरपालिकाको आ.व.०७६।०७७ को वार्षिक बजेट नीति तथा कार्यक्रम
- नगरपालिकाको आर्थिक ऐन, २०७६को कार्यान्वयनमा परेका कठिनाइहरू

### १.३.४ तथ्याङ्क विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी

उपलब्ध तथ्याङ्कहरू, समूहगत छलफल एवम् अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आवश्यकता अनुसार विश्लेषण गरी प्राप्त तथ्याङ्क एवम् सूचनाहरूलाई तालिकामा व्यवस्थित गरी राजस्व सुधार कार्य योजना को प्रारम्भिक मस्यौदा सरोकारपक्षहरू एवम् नगरपालिका समक्ष आवश्यक सल्लाह तथा सुझावका लागि पेश गरिएको थियो ।

### १.३.५ प्रतिवेदनको अन्तिम रूप

अध्ययनका क्रममा विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्कलाई पुनः परीक्षण, मस्यौदा प्रतिवेदन उपर सरोकार पक्षहरू तथा कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव र सल्लाहका आधारमा यस अध्ययन प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा नगरपालिकाको राजस्व सुधार कार्य योजना, सो कार्य योजना का आधारमा आगामी तीन आर्थिक वर्षहरूका लागि नगरपालिकाको आय प्रक्षेपण र राजस्व सुधार कार्य योजना समेत समावेश गरिएको छ ।

## १.४ अध्ययनको सीमा

नगरपालिकाको राजस्वसुधार कार्य योजना  क्षेत्र व्यापक रहेको भए तापनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रूपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ ।
- अन्तरक्रिया, वस्तुस्थितीको अध्ययन र अन्तरक्रियाको आधारमा कार्ययोजना तर्जुमा गरिएको छ ।

## परिच्छेद २ – राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन

### २.१ नगरपालिकाको संक्षिप्त परिचय

नवलपरासी जिल्ला गैंडाकोट नगरपालिका मिति २०७१।१।२५ मा घोषणा भई २०७१।२।७ मा कार्यानवयन भई आएको छ । साविकका गैंडाकोट, मुकुन्दपुर, अमरापुरी र रतनपुर ४ वटा गाउँ विकास समिति समेतलाई समावेश गरी गैंडाकोट नगरपालिकामा १८ वडा कायम भई वडा नं। १ देखि ९ सम्म संयुक्त वडा समितिको कार्यालय साविक गैंडाकोट, १०-१३ साविक मुकुन्दपुर र १४-१७ मा साविक अमरापुरी गा.वि.स. १८ मा साविक रतनपुर गा.वि.स. कार्यालयवाट हाल सेवा प्रदान भैरहेको छ ।

नेपालको मध्यभाग पर्ने धार्मीक क्षेत्र मौलाकालिका देविमाताको प्रख्यात मन्दिर तथा अन्य महत्वपुर्ण कलात्मक १०८ शिवलिङ्ग स्थापना, देवी देवताका मठ मन्दिर रही आएको छ भने पूर्वतर्फ कालिगण्डकी त्रिशुलि लगायत गण्डकीहरुको संगम स्थलमा नारायणि नदी परिचित तिर्थस्थल देवघाटधाम एवम् मनोरम वनजङ्गल नारायणगढ चितवन भरतपुर समिपमा रहेको सवै जातजातीहरुको वसोवासतथा नेपालकै प्रख्यात चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रसमेतलाई समेटेको साझा फुलवारीको रुपमा रहेको पूर्व पश्चिम महेन्द्र राजमार्गको भागमा पर्ने स्थलको रुपमा परिचित एवम् विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा परिचित मन्दिर एवम् संघ संस्था गैं.स.स.सहकारी संस्थाहरु समेत यस नगरपालिकामा रहेको छ ।

विजय विकास श्रोत केन्द्र, सहमति, त्रिनेत्र, सामाजिक विकास तथा अनुसन्धान केन्द्र जस्ता ख्याति प्राप्त गैं.स.स संस्था छन भने विकु, किसान वचत तथा ऋण स.सं.लि. जस्ता एक्सेस व्रान्ड प्राप्त गर्न सफल सहकारी संस्था, गैंडाकोट साकोस एक्सेसको कार्यक्रममा रहेको र अन्य दुग्धडेरी लगायत विजय एफ.एम, सहज स्वास्थ्य सहकारी संस्था लि।, विजय सामुदायिक शिक्षा सदन जस्ता सहकारी विषयगत संस्थाले आफ्नो राम्रो पहिचान दिन सफल रहेको छ । विद्यालय कलेज प्राविधिक शिक्षा शिक्षण संस्था संस्कृत विद्यापिठ स्थापित भई शिक्षाको जागरण लाई अगाडि वढाएको छ । भने सामुदायिक वनहरु गठन भएर विनास रहेका जङ्गल संरक्षण भई वृक्षारोपण वातावरण सुधार भई दिगो विकास र सामुदायिक भावनाको विकासमा सहयोग भै आएको छ । सुन्दरी सामुदायिक वन उपभोक्ता समुह अमरापुरीले अपाङ्ग पुर्नस्थापन कार्यक्रम अर्न्तगत विपन्नलाई घर निर्माण्, वन संरक्षण जडिवुटी ब्यवस्था संरक्षण, आय आर्जन कार्यक्रमहरु सञ्चालन गरी आएको र सामुदायिक वन गणेशमान राष्ट्रिय पुरस्कार एवं अव्राहम अवार्ड अर्न्तराष्ट्रिय पुरस्कारवाट सम्मान प्राप्त गरी उत्कृष्ठ रुपमा परिचित रहेको यस क्षेत्र मै अमरापुरी खानेपानी उपभोक्ता समुहले पानी सुद्धिकरण खा।पा। सुरक्षा योजना लागु गरी कार्यक्रम गरी नेपालको पहिलो खानेपानी को रुपमा परिचित छ । यसमा रहेका अरु खानेपानी योजनाले शुद्ध पिउने पानीको ब्यवस्थापन गरिरहेको छ भने मुकुन्दपुर खानेपानी, गैंडाकोट पम्पिङ्ग स्किम खानेपानी तथा जलुके खानेपानीको को ब्यवस्थापनले पनी राम्रो शुद्ध पिउने पानिको वितरण गरी आएको हुँदा यस क्षेत्रका नगरवासीहरुले शुद्ध खानेपानीको उपयोग गर्ने अवसर पाईरहेका छन् ।

यस नगरपालिका क्षेत्र भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सवै प्रकारका ब्यक्तिहरु संख्या ३९९४ रहेको छ भने गैंडाकोट नगरपालिकामा लगभग १३००० घरधुरी संख्या र कुल जनसंख्या करिव ६५०७८ रहेको छ । यस नगरक्षेत्र खुला दिसामुक्त, पूर्णखोप नगरपालिका रुपमा तथा साविक अमरापुरी हाल गैं।न।पा। १४-१७ नेपालको पहिलो पूर्ण सरसफाई नमुना क्षेत्र घोषणा भएको र जिल्लाको पहिलो पूर्ण साक्षर गा।वि।स। क्षेत्रमा पर्दछ । उद्योग वाणिज्य संघ गैंडाकोट, नेपाल रेडक्रस सोसाईटी उपशाखा गैंडाकोट, लायन्स क्लव, लियो क्लव, गैंडाकोट जेसीस, लगायत गैं.स.स. सहकारी वचत तथा ऋण दुग्ध उत्पादन समुह गठन भई प्रशंशनीय रुपले काम गरी आएको हुंदा सहकारी ग्राम को रुपमा परिचित रहेको छ । महिला संजाल, विभिन्न जातजातीका समुह, टोल सुधार समिति, विभिन्न क्लव गठन भई सो को माध्यामवाट सेवा पदान गरेका छन् । यही क्षेत्रमा जेष्ठ नागरीक कल्याणकारी प्रतिष्ठान, बृद्ध आश्रम सेवा समिति वृद्ध वृद्धा संरक्षण समितिहरुको स्थापना भएका छन् ।

## २.२ अवस्थिति तथा पहुँच

गैंडाकोट नगरपालिका १-१८ सम्म वर्षका पानीकोभल निकास एवम् ढल निकास निर्माण, रिङ्ग रोड, नदि तथा खोला नियन्त्रण, सिंचाई एवम् खानेपानी लगायत महत्वपूर्ण ठूला योजनाहरु नगरपालिकाको निर्णय अनुसार केन्द्रस्तरमा समावेश गरी कार्यान्वयनका लागि सम्वन्धित निकायमा माग गरी र कार्यन्वयन तर्फ लाग्न अति आवश्यक देखिएको छ । धार्मिक तथा पर्यटकीय क्षेत्रको रुपमा धार्मिक सेवा समिति मौलाकालिका मन्दिर, सिखौली आश्रम, मुकुन्दसेन दरवार संरक्षण त्रिपुरेश्वर हरीहर मन्दिर अमरापुरी नारायणि तट लगायतका अन्य मन्दिर तथा १०८ कलात्मक शिवलिङ्ग स्थापना, वौद्ध गुम्वा, चर्च लगायत मन्दिरहरुले पनि यस क्षेत्रको पहिचानको रुपमा रहेका छन् । **नगरपालिकाको वडा विभाजन, जनसंख्या तथा क्षेत्रफल यस प्रकार छ ।**

| नयाँ वडा | समावेश गाविस र नगरपालिका | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|
| १ | गैंडाकोट(१) | ५०४२ | २.४६ |
| २ | गैंडाकोट(२) | ७५१२ | १.९९ |
| ३ | गैंडाकोट (३) रतनपुर (२,३) | ३०२४ | ६१.६४ |
| ४ | गैंडाकोट(४) | ३८१८ | २.९४ |
| ५ | गैंडाकोट(५) | ५३१९ | ०.९२ |
| ६ | गैंडाकोट(६) | २५१८ | ०.९१ |
| ७ | गैंडाकोट(७) | २३८३ | ५.८ |
| ८ | गैंडाकोट(८) | ३०५६ | २.६३ |
| ९ | गैंडाकोट(९) | १५१० | २.१६ |
| १० | गैंडाकोट(१०) | ३६३० | १०.५७ |
| ११ | गैंडाकोट(११) | ३३२० | ७.५७ |
| १२ | गैंडाकोट(१२) | २८०९ | ७.१७ |
| १३ | गैंडाकोट(१३) | ३२६८ | २.२६ |
| १४ | गैंडाकोट (१४) रतनपुर (६) | ३३७० | १५.११ |
| १५ | गैंडाकोट(१५) | २४६० | २.५८ |
| १६ | गैंडाकोट(१६) | २०७६ | १.९१ |
| १७ | गैंडाकोट(१७) | १४३५ | २.१८ |
| १८ | रतनपुर(१,४,५,७(९) | २२८६ | २९.१६ |
| जम्मा | | ५८८३६ | १५९.९६ |

नगरपालिकाले नगरपालिकाका लागि जग्गा प्राप्ति, आफ्नै सुविधासम्पन्न भवन निर्माण, साङ्गठनिक संरचनामा जनशक्तिको व्यवस्थापन, विभिन्न क्षेत्रगत नगर स्तरीय समन्वय समिति, फोहरमैला तथा सरसफाइ व्यवस्थापन समिति, टोल विकास समिति आदिको गठन एवम् संचालनका लागि कार्य प्रक्रियाहरू पूरा गरी यसलाई प्रभावकारी रूपमा संचालन गर्न कानुनी रूपमा नगरपालिकालाई प्राप्त कर आधारहरूलाई उपयोग गरी यसको आन्तरिक सक्षमता अभिवृद्धि गर्नेतर्फ नगरपालिका अग्रसर रहनुपर्ने देखिन्छ । उल्लेखित अवस्थामा रणनीतिक हिसाबले आर्थिक तथा सामाजिक विकासका सम्भावना हुँदाहुँदै पनि आन्तरिक स्रोत र साधनको न्युनताका कारण नगर विकासका प्रयासहरू नेपाल सरकारको अनुदानमा नै निर्भर रहेका छन् । अबको आर्थिक वर्षमा आन्तरिक आय अभिवृद्धिका लागि तथा परनिर्भर नहुनका लागि नगरपालिका प्रतिबद्ध रहेको र आयमुलक रणनीति अवलम्बन गरी यस नगरपालिकाको आन्तरिक आयको सुदृढीकरणका साथै समग्र नगरपालिकाको आर्थिक विकास गरी आर्थिक रूपमा सबल तथा सक्षम नगरपालिका बनाउन अग्रसर हुनुपर्ने देखिन्छ ।

नगरपालिकाहरूको माग र चाहना अनुसार विकास निर्माणका प्रक्रियाहरूलाई अगाडि बढाउनका लागि विद्यमान चुनौतीहरूको सामना गर्न सरकारी, गैरसरकारी, निजी क्षेत्र एवम् स्थानीय समुदायको अग्रसरता, सहयोग, समन्वय,

सहभागिता, सहमति र समझदारीबाट मात्र सम्भव रहेको छ । यस परिप्रेक्ष्यमा नगरपालिकाले रोजगारी र आय आर्जनका अवसरहरू वृद्धि गर्न कृषि उत्पादनमा वृद्धि, पशुजन्य व्यवसाय प्रवर्द्धन, लघु उद्योग प्रवर्द्धन, स्थानीय सीप साधनबाट संचालित परम्परागत व्यवसायको संरक्षण र विविधीकरण, सहकारी प्रवर्द्धन, आधारभूत शहरी पूर्वाधारहरूको विकास र उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी विकास प्रक्रियामा सबै वर्ग, क्षेत्रका समुदायहरूलाई परिचालन भई नतिजामुखी विकास सम्भव भएकोअ देखिन्छ ।

### २.३ राजस्व प्रशासन

राजस्व प्रशासनको सन्दर्भमा राजस्व शाखाको गठन भएको छ । कर्मचारीको प्रयाप्त व्यवस्था नभए पनि भौतिक सुविधाको राम्रो छ । नगरपालिका तथा सबै वडाबाट कर तिर्ने व्यवस्था मिलाइएको भएपनि वडा कार्यालय भन्दा नगर कार्यपालिका कार्यालयमा नै आएर कर तिर्ने प्रचलन छ ।

### २.४ आय समिक्षा

### २.४.१ संचित कोष

नगरपालिकामा एक संचित कोष रहनेछ । नगरपालिकालाई प्राप्त हुने सबै प्रकारका राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, नगरपालिकाले लिएको रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछन् । कानुन बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र लिन पाइदैन । नगरपालिकाले अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाउनु पर्दछ । संचित कोषका स्रोतहरूका विषयमा यसरी स्पष्ट हुन सकिन्छ :




### २.४.२ आय परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई प्राप्त राजस्व अधिकारका क्षेत्रहरूमध्ये सम्पत्ति कर, व्यावसाय कर, घरजग्गा वहाल भूमि कर (मालपोत), बालबिटौरी शुल्क, सिफारिस, मूल्यांकन लगायतका शीर्षकहरूमा यस नगरपालिकाले राजस्व संकलन गर्दै आइरहेको छ । आन्तरिक आय केही वर्ष यता अनुमानभन्दा धेरै उठ्ने गरेको छ । राजस्व संकलनको कार्य राजस्व शाखा तथा वडा कार्यालयहरू समेतबाट गर्ने व्यवस्था मिलाइएको छ । राजस्वको दर तथा दायराको परिमार्जन, असुली प्रकृयामा सरलीकृत गर्दै नगरपालिकाले आन्तरिक आय बृद्धिमा विभिन्न प्रयासहरू गरिरहेको छ। यस नगरपालिकामा राजस्वका दायराहरूको बृद्धिको सम्भावना समेत उल्लेख्य रहेको छ । बहाल विटौरी लगायतमा पछिल्लो समयमा नगरपालिकाले गरेका पछिल्ला प्रयासहरू प्रभावकारी भएका  छ

तालिका १ : आय परिचालनको वर्तमान अवस्था *(विगत आ.व.को यथार्थ आम्दानी तथा छलफलको आधारमा)*

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| **क. कर तर्फ** | | | | |
| | भूमि कर (मालपोत) | भएको | बक्यौता सङ्कलन भएको छ | गरिएको |
| | सम्पत्ति कर | भएको | छ | गरिएको |
| | सवारी कर (टाँगा, रिक्सा, इ रिक्सा) | भएको | छैन | गरिएको |
| | घर जग्गा बहाल कर | भएको | छ | गरिएको |
| | व्यवसाय कर | भएको | छ | गरिएको |
| | व्यवसाय रजिस्ट्रेसन शुल्क | भएको | छ | गरिएको |
| | जडीबुटी, कवाडी र जीवजन्तु कर | भएको | छ | गरिएको |
| **ख. गैह्र कर** | | | | |
| | ढुंगा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क | भएको | छ | गरिएको |
| | नक्सापास दस्तुर | भएको | छ | गरिएको |
| | व्यक्तिगत घटना दर्ता शुल्क (विलम्ब) | भएको | छ | गरिएको |
| | बहाल बिटौरी शुल्क | भएको | छ | गरिएको |
| | पार्किङ् शुल्क | भएको | | गरिएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | भएको | छ | गरिएको |
| | स्थानीय खानेपानी महसुल | नभएको | छ | गरिएको |
| | स्थानीय विद्युत महसुल | नभएको | छैन | नगरिएको |
| | केवलकार, ट्रेकिङ्, कायाकिंग, बञ्जीजम्प, जिपफलायर, प्याराग्लाईडिंग आदि **मनोरञ्जन** तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | नभएको | छैन | नगरिएको |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोबीघाट, सडक, बसपार्क, पुल आदि) | भएको | छ | गरिएको |
| | मूल्याङ्कन सेवा शुल्क | भएको | छ | गरिएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफ.एम रेडियो संचालन, 'घ' वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | भएको | छ | गरिएको |
| | वडामार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | भएको | छ | गरिएको |
| | दण्ड जरिबाना | भएको | छ | गरिएको |

नगरपालिकाले नगरबासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरूप आर्थिक ऐन मार्फत दर निर्धारण गरी सेवा शुल्कहरू संकलन गरिरहेको छ । गैंडाकोट नगरपालिकामा आ.व.२०७३।७४ देखि सम्पत्तिकर लागु गरिएको हो । सम्पत्ती कर नगरपालिकाको प्रमुख आन्तरिक स्रोतको रूपमा रहेको छ। नगरपालिकाभित्रका कुनै पनि घर, टहरा, पसल, ग्यारेज, उद्योग, जग्गा, पोखरी आदि बहालमा लगाइएको अवस्थामा लिइने कर घरबहालकर १० प्रतिशतको दर कायम गरिएको छ । नगरपालिकाले विभिन्न व्यवसायहरूको वर्गीकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गरेको छ । हालको कानुनी व्यवस्था अनुसार नगरपालिकाले सीमित सवारी साधन (ई-रिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको मात्र दर्ता,

नवीकरण तथा वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार कार्यान्वयन हुन सकेको छैन । त्यसैगरी नगरपालिकाले सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल, व्यानर अदिमा विज्ञापन कर असुली गर्न ठेक्का प्रथा अवलम्वन गरिएको छ ।

नगरपालिका आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लागु भएको छ यसलाई प्रचावकारी गर्न सकेमा नगरपालिकाले विगतका वर्षहरूमा संकलन गरिरहेको बहाल बिटौरीभन्दा अझ बढी राजस्व असुली गर्ने सम्भावना देखिन्छ । नगरपालिकाले प्रदान गर्ने संघ संस्था सिफारिस, नक्सापास, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजका लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरेबापत लिइने दस्तुर पर्दछ, जुन नगरपालिकाको प्रमुख आन्तरिक आयमध्येको एक बनेको छ ।

## परिच्छेद ३ – आन्तरिक आय सम्भावना विश्लेषण

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि भएका कानुनी व्यवस्था लगायत आन्तरिक स्रोततर्फ यस नगरपालिकाको राजस्व सङ्कलनको अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरू शीर्षकगत रूपमा विश्लेषण गरिएको छ ।

### ३.१ नगरपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

**ने**पालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

| | |
|---|---|
| सम्पत्ति कर | मनोरञ्जन कर |
| घर बहाल कर | घर जग्गा रजिष्ट्रेशन दस्तुर |
| विज्ञापन कर | सेवा शुल्क दस्तुर |
| व्यवसाय कर | दण्ड जरिबाना |
| भूमिकर (मालपोत) | सवारी साधन कर |

सङ्घीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार राजस्वअधिकार प्रदान गरेको छ :

| | |
|---|---|
| **कर** | सम्पत्ति कर वा घर जग्गा कर<br>भूमि कर (मालपोत), सम्पत्ति कर नलाग्ने अवस्थामा मात्र<br>घर जग्गा बहाल कर<br>व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा<br>सवारी कर (टाँगा, रिक्सा, ईरिक्सा)<br>जडीबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सिङ, प्वाख, छालाको व्यावसायिक उपयोग गरे बापत |
| **शुल्क** | बहाल बिटौरी शुल्क : आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत<br>पार्किङ् शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ् सेवा उपलब्ध गराए बापत । |
| **सेवा शुल्क** | आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्, कायकिंग, बञ्जीजम्प, जिपफ्लायर, प्याराग्लाइडिङ आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा<br>आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोबीघाट, सडक, बसपार्क, पुल आदिमा ।<br>अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क<br>सिफारिस सम्बन्धी कुनै सेवा शुल्क |
| **दस्तुर** | दर्ता, अनुमति तथा नवीकरण दस्तुरः<br>एफएम रेडियो संचालन, ‘घ’ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्<br>ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग<br>नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)<br>पञ्जीकरण व्यवस्थापन दस्तुर<br>वडामार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिस तथा प्रमाणित |

| | |
|---|---|
| | बापत<br>जग्गा नाप जाँच तथा कित्ताकाट दस्तुर<br>वस्तु तथा सेवा बिक्री<br>ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर |

सङ्घीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) अनुसार सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारबिच बाँडफाँड हुने व्यवस्था अनुसारको राजस्व अधिकार :

| | |
|---|---|
| **संघ तथा प्रदेश कानुनको आधारमा स्थानीय तहमा प्राप्त हुने** | प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>खनिज पदार्थको उत्खनन रोयल्टी<br>सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी<br>पानी घट्ट, कुलो, पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी<br>प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी<br>खनिज पदार्थको उत्खनन रोयल्टी<br>सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी<br>खानेपानी महसुल<br>स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क<br>स्थानीय स्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र वजार व्यवस्थापन<br>जनरल अस्पताल, नर्सिङ्होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति<br>स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण<br>इन्टरनेट सेवा, टेलिसेन्टर, केवल, तारविहीन टेलिभिजन प्रसारण अनुमति, नवीकरण<br>स्थानीय तहका पत्रपत्रिकाको दर्ता । |
| **स्थानीय तहमा सङ्कलन भई बाँडफाँड हुने** | विज्ञापन कर: स्थानीय तहले दर निर्धारण र सङ्कलन गर्ने<br>मनोरञ्जन कर: स्थानीय तहले सङ्कलन गर्ने (दर र सङ्कलन विधि प्रदेशले निर्धारण गर्ने)<br>घर जग्गा रजिष्ट्रेशन शुल्क : स्थानीय तहले सङ्कलन गर्ने (दर निर्धारण प्रदेशले गर्ने)<br>उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय सम्पदा प्रवेश शुल्कको दर निर्धारण र सङ्कलन स्थानीय तहले गर्ने<br>ढुङ्गा, गिट्टी, स्लेट, बालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रक्रिया प्रदेशले निर्धारण गर्ने र स्थानीय तहले सङ्कलन गर्ने । |
| **प्रदेश तहबाट सङ्कलन भई बाँडफाँड हुने** | सवारी साधन (माथि उल्लेखित बाहेक) करको दर निर्धारण तथा सङ्कलन प्रदेशले गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने ।<br>पदयात्रा तथा पर्यटन शुल्कको दर निर्धारण र सङ्कलन प्रदेश गर्ने र प्रदेश स्तरीय कोषमा जम्मा गर्ने ।<br>(पवर्तारोहण, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क निर्धारण र सङ्कलन नेपाल सरकारले गरे बमोजिम हुने) । |

## ३.२ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू

नगरपालिकालाई उपलब्ध वित्तीय अधिकार अनुकूल राजस्व परिचालनमा सुधार ल्याउनका लागि तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । राजस्व परिचालनमा गैडाकोट नगरपालिकाले सम्बोधन गर्नु पर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् :

### क. कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा सङ्घीय कानुनले प्रदान गरेका राजस्व अधिकार सम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजस्व परिचालनका लागि आवश्यक आर्थिक ऐन, नियमावली, विभिन्न कार्य विधिहरू समयमै तयार गरी नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### ख. उपयुक्त सङ्गठन निर्माण

उपयुक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि राजस्व शाखालाई थप सुदृढ  गर्नुपर्ने देखिन्छ । त्यसै गरी वडा कार्यालयहरूको समेत क्षमता अभिवृद्धि गरी वडा कार्यालयहरूमार्फत नै राजस्व सङ्कलनको प्रभावकारी प्रणाली व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ग. तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण

कर तथा राजस्व सम्बन्धी दायरा र क्षेत्रका सम्बन्धमा आवश्यक विवरण, जानकारी तथा अभिलेख नगरपालिकामा छैन । नगरपालिकाले सङ्कलन गर्न सक्ने विभिन्न कर, शुल्क तथा दस्तुरका दायरा तथा दरहरूको विवरण आवधिक रूपमा अद्यावधिक गरी राजस्वका विभिन्न स्रोतहरूको प्राथमिकीकरणका आधारमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा विस्तार गर्दै राजस्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ ।

### घ. विभिन्न आयमूलक कार्यक्रम

आफ्नो आन्तरिक आय वृद्धिका लागि विद्यमान सम्पत्तिको परिचालन गरी व्यावसायिक सेवामूलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न आवश्यक देखिन्छ । यसका लागि निजी क्षेत्रको लगानी र उद्यमशीलता आकर्षित गर्न सकिन्छ ।

### ङ. पारदर्शिता र जवाफदेहिता

प्रभावकारी राजस्व प्रशासनका लागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिकप्रति जवाफदेही हुन आवश्यक छ । आय व्ययको विवरण आवधिक रूपमा प्रकाशनमा ल्याउनु यस दिशातर्फको सकारात्मक कदम हुन सक्दछ । सङ्कलित राजस्व सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ ।

### च. न्यायोचित राजस्व प्रणाली

नगरपालिकाद्वारा लगाइने कर तथा शुल्कहरूलाई सेवाग्राहीको सुविधासँग जोडेर हेर्नु पर्ने हुन्छ । जुन क्षेत्रबाट राजस्व सङ्कलन गरिएको हो, सोही क्षेत्रको विकास र सेवा विस्तारमा उक्त आम्दानीको ठूलो हिस्सा खर्च गर्ने नीति प्रभावकारी हुन सक्दछ ।

### छ. खर्च नियन्त्रण

नगरपालिकाले उपलब्ध गराएको सेवाप्रति नागरिकको सन्तुष्टिले जनताको कर तिर्ने चाहानालाई निर्धारण गर्दछ । नगरपालिकाले उपलब्ध गराएका सेवाहरू प्रभावकारी र मितव्ययी भएको सुनिश्चित गर्न आवश्यक छ । खर्च नियन्त्रणका लागि अनावश्यक चालु खर्च, लाभ र दिगोपना विचार नगरी परियोजनामा हुने लगानी, कमजोर सम्पत्ति तथा नगद व्यवस्थापन, सेवा प्रदानमा पक्षपातपूर्ण व्यवहारजस्ता कार्यहरूको नियन्त्रणमा विशेष ध्यान दिनु पर्दछ ।

## ३.३ राजस्व प्रशासन नीति तथा राजस्व परिचालन सवालहरू

### ३.३.१ श्रोत परिचालन नीति

नगरपालिकाको हालको स्थानीय श्रोत परिचालन नीति यस प्रकार रहेको छ ।

- नगरपालिकाको आन्तरिक श्रोतको उच्चतम परिचालनका लागि आर्थिक ऐनले निर्देशित गरेका कर, दस्तुर, सेवा शुल्कका क्षेत्रहरूको दायरा फराकिलो गर्दै नगरको श्रोत परिचालनमा सबै क्षेत्र र वर्गका नगरबासीहरूले आफुले आफ्नो क्षमता अनुसार योगदान गरेको महसुस गर्ने अवस्थाको सिर्जना गरिनेछ ।
- व्यवसायकरको दायरा वढाउने र वढी भन्दा वढी व्यवसायीहरूलाई कर तिर्न प्रोत्साहित गर्न नगरमा विभिन्न कार्यक्रम सहित प्रत्येक वर्ष कर सप्ताह वा कर जागरण कार्यक्रम सञ्चालन गर्ने तथा राजस्व

संकलन कार्यलाई व्यवस्थीत गरी वडा कार्यालयहरूबाटै कर, शुल्क, दस्तुर असुल गर्ने कार्यलाई सहज र विस्तारित गरिनेछ ।

- वार्षिक पेशा, व्यवसाय, कर र घर वहालकर असुली कार्यलाई थप प्रभावकारी वनाउन वडा समिति र टोल संस्थाहरूलाई परिचालन तथा जम्मरेवार वनाइने छ ।
- नगरपालिकामा सेवाग्राहीहरूले सबै किसिमका राजस्व, कर दस्तुर र सेवा शुल्क बुझाए पछि सेवाग्राहीको मोबाइलमा SMS सेवाको माध्यमबाट कर तिरेको जानकारी सहित धन्यवाद ज्ञापन गर्न सफ्टवेयर पद्धतिलाई निरन्तरता दिइनेछ ।
- बजेटको दरवन्दीमा तोकिएको व्यवसायको प्रकार, प्रकृती र श्रेणी अनुसारको दररेटमा कर भुक्तानी गर्न नसक्ने अती न्यूनस्तरको कुना, काप्चा तथा अती कम चल्ती फिरतीको ठाउमा रहेको व्यवसायलाई सम्वन्धित वडाको सिफारिसमा श्रेणी विहिन मानी न्यूनतम रु. ५०० मा नघटाई वार्षिक व्यवसायकर लिई करको दायरालाई लचिलो र फराकिलो पारिनेछ ।
- नगरभित्र चल्ने टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साहरू दर्ता गरी करको दायरामा ल्याइने छ ।
- अपाङ्ग, असहाय, अशक्त, दैवीप्रकोप पिडित, द्वन्द पिडित, जेष्ठ नागरिक र एकल महिलाका सीफारिसहरू निशुल्क गरिनेछ । साथै विपन्नहरूको शैक्षिक सिफारिसलाई समेत निःशुल्क गरिने छ ।
- गैंडाकोट नगरपालिकामा दर्ता नभएका तर आन्तरिक राजस्व, वाणिज्य, घरेलु तथा साना उद्योग जस्ता कार्यालयमा दर्ता भई गैंडाकोट नगरपालिका क्षेत्रभित्र व्यवसाय गरी आएका व्यवसायीहरूलाई अन्तिम १ वर्षको व्यवसाय कर लिई दर्ता प्रकृयामा आउन ३० दिनको सूचना जारी गरिने छ ।
- अस्थाई प्रकृतीका हाटवजार, ठेला तथा फुटपात व्यवसाय मुख्य वजार भित्रको पार्किङ समेतलाई उचित व्यवस्थापन र शुल्क संङ्कलन कार्य स्थानीय क्लव, टोल विकास संस्थाको सहकार्यमा वडाहरूवाट नै व्यवस्थापन गरिनेछ ।
- राजस्व संकलन कार्यलाई व्यवस्थित एवं प्रभावकारी वनाउन नगरवासीलाई सेवा सुविधा उपलब्ध गराउदा नगरमा भुक्तान गर्नुपर्ने कुनै कर, शुल्क, दस्तुर वाँकी नरहेको आधारमा सेवा सुविधा उपलब्ध गराइने नीति लिइनेछ ।
- आफु वा एकाघरका सदस्यले नगरलाई भुक्तान गर्नुपर्ने कर, शुल्क, दस्तुर समयमा भुक्तान नगरी वक्यौता राख्ने करदातालाई नगरपालिकावाट प्रदान गरिने कुनै पनि सिफारीस, सेवा सुविधामा रोक्का गरिनेछ । तर कुनै शुल्क, दस्तुर भुक्तान गर्ने समयावधि रहेको अवस्थालाई (चालु आ.व.)त्यस्तो वन्देज गरिने छैन् ।
- कुनैपनी योजनाहरूको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारीहरूले आफुले व्यक्तिगत रूपमा बुझाउनुपर्ने सम्पत्ति कर, व्यवसायकर र घरजग्गा वहालकर लगाएत निजको दायित्वमा रहेका कर, शुल्क, दस्तुर आदि चुक्ता गर्न अनिवार्य गरिनेछ । सो योजनावाट लाभान्वित उपभोक्तालाई त्यस्ता कर तिर्न प्रोत्साहीत गरिनेछ ।
- बढी कर तीर्ने करदातालाई सम्मान गर्ने कार्यलाई व्यवस्थीत ढंगले अगाडी वढाइनेछ ।
- नगरपालिकालाई आवश्यक पर्ने वित्तिय श्रोतको कमिलाई पूर्ती गर्न नेपाल सरकार दातृ निकाय तथा सघ संस्था र नीजी श्रोत एंवम नागरिक समज लगायत सवै सम्भाव्य आन्तरिक एवं वाह्य क्षेत्रका निकायसंग समन्वय गरी श्रोतको अधिकतम परिचालन गरिनेछ ।
- श्रोत व्यवस्थापनलाई यथार्थपरक र व्यवस्थित गर्न ICT को प्रयोगलाई बढुवा दिइनेछ ।
- कुनै विशेष परिस्थितीमा मात्र उल्लेखीत कर, शुल्क, दस्तुर आदिका दरवन्दीहरूमा कार्यान्वयनको समयमा समस्या पर्न आएमा आगामी नगरसभावाट अनुमोदन गराउने गरी नगरकार्यपालिकावाट कर, शुल्क, दस्तुर आदीका दरवन्दीहरूमा आवश्यकता वमोजिम हेरफेर गर्न सकिनेछ ।
- नगरपालिकाले प्राप्त गर्नुपर्ने कर, शुल्क, दस्तुर अदिको समुचित व्यवस्थापनका लागि उद्योग वाणिज्य संघ लगाएत सरोकारवालासँग समन्वय र सहकार्य गरिनेछ ।

### ३.३.२ राजस्व परिचालन समस्याहरू

उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा नगरपालिकाको राजस्व परिचालन सम्बन्धमा निम्न मुद्दाहरू रहेका देखिन्छन्:

- व्यावसाय करको दायरामा ल्याउन कठिनाई भएको
- सबै वडाबाट कर सङ्कलनको व्यवस्था गरिएको भए पनि करदातालाई टोकन प्रणाली गर्न नसकिएको
- करका दर तथा दायरा र यसको परिचालनका बारे करदातालाई सचेतना अभिवृद्धि गर्न नसकिएको

- सम्पत्तिको मूल्याङ्कन ज्यादै न्यून रहेको र सही मूल्याङ्कन गर्न समझदारी कायम गर्न नसकिएको
- करका शीर्षक धेरै छन्; त्यसमा भएको अलमललाई स्पष्ट गर्न नसकिएको
- नयाँ नगरपालिका भएकाले करदाता कर तथा शुल्क दिन नभई सकेको अवस्था
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारका लागि अध्ययन हुन नसकेको
- असल करदातालाई सम्मान गर्न नीति रहेको तर कार्यक्रम गर्न बाँकी रहेको
- अङ्ग्रेजीमा सिफारिस र जग्गाा मूल्याङ्कनको दस्तुर बढी भएको गुनासो
- कर तथा शुल्कलाई पारदर्शि बनाई विकास निर्माणमा खर्च भएको प्रत्याभूत गर्न नसकिएको

## ३.४ आन्तरिक स्रोत तर्फका राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

नगरपालिकाले प्रचलित कानुन बमोजिम आन्तरिक स्रोततर्फ सङ्कलन गर्ने राजस्वमध्ये यस नगरपालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरूको सम्भावनाको विश्लेषणात्मक अध्ययन यस शीर्षक अन्तर्गत गरिएको छ ।

परिवर्तित व्यवस्था अनुसार राजस्व सङ्कलनका लागि कानूनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, सङ्कलनका लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँड हुने राजस्व शीर्षकहरूमा समन्वयात्मक तरिकाले राजस्व सङ्कलन गर्नु तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यको रूपमा रहेको छ ।

### *क) मालपोत तथा भूमिकर*

गैडाकोट नगरपालिकाले सम्पत्ति कर लागू गरी कार्यान्वयन गर्दै आइरहेको अवस्थामा पुरानो बक्यौता मालपोतमात्र असुल भैरहेको देखिन्छ । विगतको असुलीको अवस्था तथा चालु आ.व. को असुलीको स्थिति हेर्दा आगामी आ.व. ०७७/७८ मा मालपोत बापतको कुल राजस्व  करिब २ लाखको हाराहारीमा संकलन हुने अनुमान गरिएको छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १५ प्रतिशतका दरले राजस्व असुली घट्दै जाने देखिन्छ ।

### *ख) सम्पत्ति कर*

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरूलाई हिसाब गरी सम्पत्ति कर लगाइने र असुल गरिएको छ । घर जग्गाको आकार, प्रकार, बनौट र उपयोग, अचल सम्पत्तिको उत्पादनशील उपयोगको अवस्था, नागरिकको जीवन स्तर, आर्थिक स्तर, कर तिर्न सक्ने क्षमता, अचल सम्पत्तिको प्रचलित बजार मूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्य विधि बनाई लागू गरिएको छ । गैंडाकोट नगरपालिकामा आ.व.२०७३।७४ देखि सम्पतीकर लागु गरि पनि स्थानीय सरकार संचालन ऐनको पहिलो संसोधनले भने बमोजिम गर्न सकिएको छैन । सम्पती कर नगरपालिकाको प्रमुख आन्तरिक स्रोतको रूपमा रहेको छ । करयोग्य सम्पत्तिलाई ८ वटा वर्ग वनाइ औसत अनुमानको आधारमा सम्पत्तिको वर्गीकरण गरी करको दर तथा सो वर्गीकरण अनुसारका करदाताहरूको अनुमान गरी सम्भावित सम्पत्ती करको प्रक्षेपण गरिएको छ । यस अनुसार कूल करदाता संख्या २९ हजार ९ सयलाई आधार बनाइएको छ । यसरी अनुमान गर्दा कूल रु. ६ करोड ५५ लाख २५ हजार अधिकतम कर उठ्न सक्ने देखिन्छ । उक्त कूल रकमलाई आगामी ३ वर्षमा क्रमशः ४०, ५० र ६० प्रतिशतको हाराहारीमा मात्रै उठ्न सक्ने आधार मानेर प्रक्षेपण गरिएको छ ।

तालिका २ : सम्पत्ति कर सम्भावनाको गणना

| क्र.सं. | सम्पत्तिको औसत मूल्यांकन | अनुमानीत करदाता संख्या | औसत करको दर | सम्भाव्य आम्दानी |
|---|---|---|---|---|
| १ | १ लाख देखि १० लाख रुपैयाँसम्मको मूल्यांकनमा | ९५०० | ७५ | ७१२५०० |
| २ | १० लाख १ देखि २० लाखसम्मको मुल्यांकनमा | ७५०० | २७५ | २०६२५०० |
| ३ | २० लाख १ देखि ३० लाख सम्मको मुल्यांकनमा | ५००० | ६०० | ३०००००० |
| ४ | ३० लाख १ देखि ५० लाख सम्मको मुल्यांकनमा | ३५०० | १५०० | ५२५०००० |
| ५ | ५० लाख १ देखि १ करोड सम्मको मुल्यांकनमा | २५०० | ५००० | १२५००००० |
| ६ | १ करोड १ देखि २ सम्मको मुल्यांकनमा | १२०० | १४००० | १६८००००० |

| क्र.सं. | सम्पत्तिको औसत मूल्यांकन | अनुमानीत करदाता संख्या | औसत करको दर | सम्भान्य आम्दानी |
|---|---|---|---|---|
| ७ | २ करोड १ देखि ५ करोड सम्मको मुल्यांकनमा | ४०० | २८००० | ११२००००० |
| ८ | ५ करोड १ देखि माथिको मुल्यांकनमा | २०० | ७०००० | १४०००००० |
| जम्मा | | २९८०० | | ६५५२५००० |
| *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ४०* | | | | २६२१०००० |
| *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ५०* | | | | ३२७६२५०० |
| *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६०* | | | | ३९३१५००० |

***समस्याहरु***

*१. करदाताहरुले प्रस्तुत गरेको विवरण सम्बन्धि अभिलेख तथा फाइलिङ्ग व्यवस्थापन गर्न नसकिएको,*
*२. स्थानीय सरकार संचालन ऐनको मर्म बमोजिम सम्पतीकर, भूमीकर वर्गीकरण गर्न नसकिएको,*
*३. व्यावसायिक तथा आवसीइ उपयोगको आधारमा सम्पती मुल्यांकन गर्न नसकिएको,*

***सुधारका लागि गर्नुपर्ने कार्यहरू***

*१. सम्पती कर सङ्कलन सम्बन्धी कार्य विधि पुनरावलोकन गर्नुपर्ने,*
*२. करदाताहरूको सर्वेक्षण गरी व्यक्तिगत सम्पत्ति विवरण तयार गर्ने,*
*३. सम्पती कर सम्बन्धी फाइलिङ्ग व्यवस्थापनका लागि नगरपालिकाले आवश्यक जनशक्तिको व्यवस्था गरी राजस्व सम्बन्धी तालिम उपलब्ध गराउने,*
*४.घर र घरले चर्चेको जग्गामा सम्पती कर र बाकी जग्गामा उपयोगको आधारमा भूमि कर मालपोत लगाउने*
*५. वडागत रूपमा आवश्यक भौतिक पूर्वधारहरु (सफ्टवेयर, कम्प्युटर, प्रिन्टर, विलिङ्ग मेशिन आदि) व्यवस्था गर्ने,*
*६. सम्पत्ति करसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने ।*

**ग) घर जग्गा बहाल कर**

नगरपालिकाभित्रका कुनै पनि घर, टहरा, पसल, ग्यारेज, उद्योग, जग्गा, पोखरी आदि बहालमा लगाइएको अवस्थामा लिइने कर घरबहाल कर हो । यस नगरपालिकाले बहाल करको परिचालनका लागि दर निर्धारण तथा सङ्कलन सम्बन्धी व्यवस्था गरेको छ ।

**बहाल करको दर :** स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र परेको र यो कर सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहमा नै रहेकोले नगरपालिकाले व्यावसायिक तथा संस्थागत एवं आवास दुवै प्रकृतिका घरधनीहरूबाट बहाल रकमको १० प्रतिशतको दर कायम गरिएकोले उचित नै देखिन्छ ।

तालिका ३ : घरबहाल कर संभावनाको गणना

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | बहालमा वस्ने संख्या | मासिक भाडा रकम | वार्षिक भाडा रकम | जम्मा भाडा असुली | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| | | | (ख) | (ग) | (घ) | |
| | | (क) | अनुमानित | ख x १२ | क x ग | घ को १० प्रतिशत |
| १ | व्यवसायिक तथा संस्थागत | ७५० | ५००० | ६०००० | ४५०००००० | ४५००००० |
| २ | आवास | २१०० | ३००० | ३६००० | ७५६००००० | ७५६०००० |
| जम्मा | | २८५० | | | १२०६००००० | १२०६०००० |
| *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | | | | ७८३९००० |
| *दोस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ७५* | | | | | | ९०४५००० |
| *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | | | | १०२५१००० |

आवास एवं व्यवसायिक तथा संस्थागत प्रयोजनका लागि घर जग्गा बहालकर असुली गर्न सकिने करको विश्लेषण गर्दा नगरपालिकालाई करिब १ करोड २० लाख ६० हजारको हाराहरीमा राजस्व असुली हुने देखिए पनि आगामी आ.व. मा नै सबै करदातालाई करको दायरामा ल्याउन नसकिने भएकाले करिब ६५ प्रतिशत रकम मात्रै असुली हुने देखिन्छ भने त्यसपछिका वर्षहरुमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुँदै जाने देखिन्छ ।

***बहाल कर सङ्कलनमा देखिएका विद्यमान समस्याहरू***

*(क) बहाल कर योग्य संरचनाहरू/जग्गाको तथ्याङ्क सूचना सङ्कलन गरिएको छैन ।*

*(ख) कर सम्बन्धी तथ्याङ्क सङ्कलन गर्न दक्ष कर्मचारीको कमी रहेको छ ।*

*(ग) घर बहाल कर सम्बन्धमा सम्भावित करदाताहरूलाई जानकारी/सूचना सम्प्रेषण नभएको ।*

*(घ) आवसीय घरहरुको बहाल करलाई दायरामा ल्याउन नसकिएको ।*

***सुधारका लागि गर्नुपर्ने कार्यहरू***

*क. स्थलगत अध्ययन गरी भाडामा रहेका संरचनाको विवरण सङ्कलन गरी लगत तयार गर्ने ।*

*ख. घर बहाल करका सम्बन्धमा करदातालाई जानकारी दिने र असुली गर्ने व्यवस्था गर्नुपर्ने ।*

*ग. स्वंम कर घोषणा त्यसको आवश्यकता बमोजिम अनुगमन नभएको ।*

**घ) व्यवसाय कर**

नगरपालिकाहरूले आफ्नो क्षेत्रभित्र व्यवसाय कर लगाउन सक्दछन् । व्यवसायको किसिमको आधारमा तोकिएको न्यूनतम तथा अधिकतम दरको सीमा भित्र रही नगरपालिकाहरूले नगरसभाबाट व्यवसाय करको दर निर्धारण गर्ने गर्दछन् । व्यवसाय करको न्यूनतम तथा अधिकतम दरको सीमा नगरसभाले तय गरी लागु गरिएको छ । यस नगरपालिकाले विभिन्न व्यवसायहरूको वर्गीकरणका आधारमा करका दरहरू निर्धारण गर्नुका साथै कर असुली गर्नुपर्ने देखिन्छ । यस गैडाकोट नगरपालिकाले नगर क्षेत्रभित्रका विभिन्न व्यवसायको प्रकृति अनुसार करका दरहरूको निर्धारण गरेको छ । यस नगरपालिकाभित्र रहेका सबै व्यवसायहरूलाई व्यवसाय करको दायरामा ल्याउन सके यस अन्तरगतका शीर्षकमा राम्रै रकम असुल हुने देखिन्छ ।

नगरपालिकामा व्यापार व्यवसाय सम्बन्धी १८०० करदाताबाट व्यवसाय कर असुली भएको देखिएता पनि यसको ठूलो संख्या करको दायर बाहिर रहेकाले नगरपालिकाभित्र ठूला साना व्यवसाय गरी यो संख्या करिब ४००० को हाराहारीमा हुनसक्ने र निम्नानुसारको व्यवसाय करको सम्भावना देखिन्छ :

तालिका ४ : व्यवसाय कर सम्भावनाको गणना

| क्र.सं. | ब्यापार ब्यवसायको विवरण | संख्या | औसत करको दर | संभावित आय |
|---|---|---|---|---|
| १ | विभिन्न ब्यवसाय (फरक फरक लागानी पूँजी भएको ब्यवसाय) | ४००० | २५०० | १००००००० |
| | **जम्मा** | ४००० | | १००००००० |
| | *पहिलो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ६५* | | | ६५००००० |
| | *दोश्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ७५* | | | ७५००००० |
| | *तेस्रो वर्ष करको दायरामा आउन सक्ने प्रतिशत ८५* | | | ८५००००० |

उल्लेखित तथ्याङ्कका आधारमा हेर्दा औसत करिब रु. २५०० का दरले कुल १ करोड व्यवसाय कर सङ्कलन हुन सक्ने सम्भावना देखिएको छ । तर आगामी आ.व.मा नै सबै व्यवसायलाई करको दायरमा ल्याउन नसकिने कुरा लाई मध्यनजर गर्दै ६५ प्रतिशत व्यवसायबाट करिब ६५ लाख व्यवसाय कर सङ्कलन हुने अनुमान गरिएको छ भने त्यस पछिका आ.व.हरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि भई व्यसाय कर सङ्कलन हुन सक्ने देखिन्छ ।

***व्यवसाय करमा देखिएका विद्यमान समस्याहरू***

*(क) नगरपालिकाले प्रदान गर्ने सेवासँग कर असुलीलाई आवद्ध गरी व्यवसायीलाई करको दायरामा ल्याउन नसकिएको*

*(ख) नागरीकहरूमा कर तिर्नु पर्छ भन्ने सचेतनाको कमी,*

*(ग) जनशक्तिको कमी रहेको ।*

***सुधारका लागि गर्नुपर्ने कार्यहरू***

*(क) करका कतिपय दरहरू पुनरावलोकन गर्नुपर्ने,*

*(ख) हालको करको दायरा न्यून रहेको हुनाले वार्षिक रुपमा बढाउदै लैजानु पर्ने,*

*(ग) व्यवसायको थप वर्गीकरण गर्नु पर्ने*

*(घ) व्यक्तिगत जग्गामा पनि हाटबजार संचालन भएको देखिएकाले सो लाई समेत व्यावसायकरको रुपमा दायरामा ल्याउनु पर्ने ।*

### ङ) सवारी साधन कर (स्थानीय)

हालको कानुनी व्यवस्था अनुसार नगरपालिकाले सिमित सवारी साधन (ईरिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर सङ्कलन गर्न सक्ने अधिकार भएता पनि नगर क्षेत्रमा यस किसिमको सवारी साधनहरुको संख्या निकै न्यून रहेको देखिन्छ भने केही साना ईरिक्सा, ठेला गाडा, टाँगा र रिक्सा लगायतका सवारी साधनहरुलाई नियमन तथा दर्ता प्रकृयामा समेत क्रमिकरुपले लैजान सकिने भएकाले हाललाई सो बापत करिब दुई लाखको हाराहारीमा राजस्व संकलन हुने अनुमान गर्न सकिन्छ ।

### च) विज्ञापन कर

नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल, व्यानर अदिमा विज्ञापन कर लगाउन सक्नेछ । तर सङ्घीय कानुन अनुसारयो कर प्रदेश सरकारको निर्णय अनुसार स्थानीय तहले दर निर्धारण र सङ्कलन गर्ने तथा प्रदेश कानुन अनुसार सो को बाँडफाँड हुने प्रावधान रहेको छ । स्थानीय तहले दर निर्धारण तथा सङ्कलन गर्ने हुँदा यस करको सम्भावना विश्लेषण गरिएको छ ।

नगरपालिकाका मुख्य मुख्य बजार क्षेत्र आसपासका पसलहरूमा विज्ञापनका लागि होर्डिङ बोर्ड लगायतका विभिन्न प्रचार समाग्री बापत विज्ञापन कर बापतको करिब ११ लाख ५० हजारको बराबरको राजस्व असुली भएको देखिन्छ भने आगामी आ.व.मा यस बापतको करमा सबै क्षेत्रलाई समेटी केही वृद्धि गर्न सकिने सम्भावना रहेकाले वार्षिक एकमुष्ठ **२० लाखको** हाराहारीमा विज्ञापन कर असुली हुन सक्ने अनुमान गरिएको छ ।

### छ) बहाल बिटौरी शुल्क

नगरपालिका आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क सङ्कलन गर्न सक्ने कानुनी प्रावधान रहेको छ । सार्वजनिक जग्गा, बाटोको छेउ छाउका सार्वजनिक स्थलमा रहेका पसलहरू, विभिन्न टोलहरूमा संचालन हुने हाट बजारहरू बाट प्रभावकारी रूपमा बिटौरी कर सङ्कलन गर्न सकेको खण्डमा मनग्य आय सम्भावना देखिन्छ । हाल विशेष गरी नगरपालिकालाई विभिन्न सार्वजनिक जग्गाहरुमा वनेका संरचना तथा हाटबाजारबाट यस किसिमको राजस्व प्राप्त भई रहेको छ ।

प्रभावकारी रूपमा नीतिगत व्यवस्थाका साथ यो कर लागु गर्न सकेमा नगरपालिकाले विगतका वर्षहरूमा सङ्कलन गरिरहेको बहाल बिटौरी कर भन्दा अझ बढी राजस्व असुली गर्ने सम्भावना देखिन्छ । आगामी आ.व.मा बहाल बिटौरी कर बापतनगरपालिकाले करिब **१५ लाख** को हाराहरीमा राजस्व सङ्कलन गर्न सक्ने देखिन्छ ।

तालिका ५ : बहाल बिटौरी

| क्र.सं. | बहाल बिटौरीका क्षेत्र | एकाइ | सम्भाव्य वार्षिक असुली |
|---|---|---|---|
| १ | ब्यवसायिक सटर तथा संरचना भाडा, विभिन्न वडामा सार्वजनिक जग्गामा रहेका घर तथा संरचाना तथा हाट बजारहरु | एकमुष्ठ | १५,००,००० |
| जम्मा | | | १५,००,००० |

***सुझाव***

*थुम्सी लगायतका सडक किनारा तथा जंगलको छेउछाउका सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रमणलाई बहाल बिटौरी लिन सकिने तर सार्वजनिक/सडक आसपास पसलबाट कर असुल गर्दा त्यस्ता पसलहरूलाई वैधानिकता*

*प्रदान गरिएको ठहर्ने र भविष्यमा सडक मापदण्ड कायम गर्दा समेत समस्या हुने हुदा नगरपालिकाले बिशेष कानुन निर्माण गरी अगाडी बढ्नु पर्ने देखिन्छ ।*

### *झ) बिक्री शुल्क*

नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य वस्तुहरूको बिक्री गर्न सक्ने व्यवस्था छ । त्यसैगरी नगरपालिकाले आफ्नो क्षेत्र भित्रउत्पादन भई आफ्नो सीमा क्षेत्रभन्दा बाहिर निकासी हुने ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्ने व्यवस्था ऐनमा व्यवस्था गरिएको छ ।

नगरपालिकाले यस किसिमका ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी लगायतको उचित संकलन र व्यवस्थापन गर्न सकेको खण्डमा ठेक्का प्रकृयाबाट बाषिक करिब **३ करोड**को हाराहारीमा राजस्व प्राप्त हुने देखिन्छ ।

### *अन्य सेवा शुल्कहरू*

नगरपालिकाले नगरबासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क सङ्कलन गर्न सक्ने प्रावधान अनुरूप नगरसभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरू सङ्कलन गरिरहेको छ । यस अन्तर्गत अगामी आ.व.मा प्राप्त हुने रकम विगत आ.व.को औसत वृद्धि, नगरपालिकाको जनसंख्या तथा घरधुरीका आधारमा अनुमान गरिएको छ ।

### *ञ) दस्तुरहरू*

यस अन्तर्गत नगरपालिकाले प्रदान गर्ने संघ संस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजका लागि सिफारिस लगायतका विभिन्न सिफारिसहरू गरेबापत लिइने दस्तुर पर्दछ, जुन नगरपालिकाको प्रमुख आन्तरिक आयमध्येको एक हो । नगरपालिकाले सिफारिस दस्तुरको दररेट नगरसभाबाट निर्धारण गर्नुका साथै विभिन्न शीर्षकहरूमा रकम समेत सङ्कलन गरिरहेको छ । नगरपालिकालाई सिफारिस दस्तुर बापत करिब **९६ लाख**को हाराहारीमा राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

तालिका ६ : सिफारिस दस्तुर

| दस्तुर | औसत दैनिक | औसत बार्षिक निवेदन (बार्षिक २४० दिन) | औसत दर | सम्भाव्य राजस्व |
|---|---|---|---|---|
| बिभिन्न सिफारिस दस्तुर | ८० | १९२०० | ५०० | ९६००००० |
| **जम्मा** | **८०** | | | **९६०००००** |

### ट) नक्सापास दस्तुर

नगरपालिकाको आन्तरिक आय अन्तर्गत घर नक्सा पास गरे बापत प्राप्त दस्तुर पनि एक महत्वपूर्ण स्रोत हो । नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सामान्य प्रशासन मन्त्रालय भवन निर्माण सम्बन्धी मापदण्ड २०७२ लागु भए पश्चात नगर क्षेत्रभित्र निर्माण हुने हरेक घरको मापदण्ड अनुरूप नक्सापास गरेरमात्र घर निर्माण गर्नुपर्ने प्रावधान यस नगरपालिकाले पनि लागू गर्नुपर्ने देखिन्छ ।

यस नगरमा नयाँ घरहरूको निर्माणमा अनिवार्य नक्सा पास लागू गरिएको भएता पनि यसको कार्यन्वयनमा पूर्णता देखिदैन । यस किसिमको राजस्व असुलीमा वृद्धि भएको देखिन्छ । जुन नगरपालिकाको प्रमुख आम्दानीको स्रोतको समेत रहेको देखिन्छ । आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सा पास र पुराना घरहरूको दर्ता (पक्की तथा कच्ची घरको अभिलेखीकरण) को अनुमानित संख्याका आधारमा गणना गर्दा नगरपालिकालाई करिब ८० लाख ८० हजारको हाराहारीमा नक्सा पास दस्तुर सङ्कलन हुन सक्ने देखिन्छ ।

तालिका ७ : नक्सापास दस्तुरको सम्भावनाको गणना

| क्र.सं. | विवरण | संख्या | औसत दर (प्रति नक्सा प्रति वर्ग फिट) | सम्भाव्य आय (रु.) |
|---|---|---|---|---|
| १ | घर नक्सा पास (औसत १५०० वर्ग फिट) | ३४० | ८ | ४,०८०,००० |

| क्र.सं. | विवरण | संख्या | औसत दर (प्रति नक्सा प्रति वर्ग फिट) | सम्भाव्य आय (रु.) |
|---|---|---|---|---|
| २ | पुरानो घर अभिलेखिकरण प्रमाण पत्र | | | |
| | पक्की | ५०० | ५००० | २,५००,००० |
| | कच्ची | ५०० | ३००० | १,५००,००० |
| जम्मा | | १३४० | | ८,०८०,००० |

***समस्या***

*१. नगर क्षेत्र भित्र विना नक्सापास घर निर्माण भइरहेको छ ।*

*२. सबै खाले भैतिक संरचनाको नक्सापास दस्तुरमा समान दर कायम गरिएको छ ।*

***समाधान***

*१. नक्सापास बारे आवश्यक सूचना, अनुगमन गर्ने*

*२. दरहरुको वर्गीकरण तथा पुनरावलोकन गर्ने*

*३. आवसीय भवन निर्माणको हकमा नगरबासीलाई निश्चित क्षेत्रका लागि निशुल्क नक्सा* पास गरिदिने व्यवस्था गर्ने

## ठ) अन्य विविध आय

नगरपालिकाले विभिन्न किसिमका फारमहरू बिकी, काठ दाउरा बिक्रीबाट प्राप्त आयलाई बिकी अन्तर्गत राखेको छ भने अन्य विविध आयमा दण्ड जरिबाना, पेश्की फिर्ता, तथा अन्य विविध आयहरू रहेका छन् । यस शीर्षक अन्तर्गत नगरपालिकाले करिब **१५ लाख**सम्म राजस्व सङ्कलन गर्ने सक्ने अनुमान गरिएको छ ।

## परिच्छेद ४ – राजस्व सुधार कार्य योजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गैडाकोट नगरपालिकाको राजस्व सम्भाव्यता अध्ययन तथा सुधार कार्य योजना प्रस्तुत गरिएको छ । यस कार्य योजना लाई नगरपालिकाले स्वीकृत गरी कार्यान्वयन गर्ने आधारमा नगरपालिकाको राजस्व परिचालन नीति, कार्यनीति, कार्य योजना तथा आगामी तीन आर्थिक वर्षका लागि गरिएको राजस्व प्रक्षेपणको विवरण पनि यसै परिच्छेदमा प्रस्तुत गरिएको छ ।

### ४.१ राजस्व परिचालन नीति

- नगरपालिकाको आन्तरिक राजस्व अभिवृद्धि गर्न नगरपालिका स्थित संभाव्य स्रोतहरूको पहिचान गरी राजस्व प्रक्षेपण कार्यलाई निरन्तरता दिइनेछ ।
- आर्थिक अनुशासन कायम गर्ने सन्दर्भमा बाँकी बक्यौता, पेश्की, बेरुजुको लगत अद्यावधिक गरी तदारुकताका साथ असुल एंवम् फछ्र्योट गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकामा विभिन्न क्षेत्रहरूमा काम गर्ने सरकारी तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी निर्माण गरी कार्यक्रम संचालन गरिनेछ ।
- निजि संघ संस्थासँग पनि साझेदारीमा आर्थिक उन्नति विकास निर्माण र रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ ।
- नगरपालिकाको सामाजिक तथा आर्थिक तथ्याङ्कहरू सङ्कलन र अद्यावधिक गर्न तथा सूचना सञ्जाल स्थापना गरी नगरपालिका सूचना तथा अभिलेख केन्द्रलाई व्यवस्थित गरिनेछ ।
- नगरपालिकाको वेवसाइडमा कर प्रणालीका मार्फत सूचना प्रवाहित गर्ने, सुझाव सङ्कलन र सम्बोधन गर्ने गरी e-governance तर्फ उन्मुख हुनेछ ।

### ४.२ राजस्व परिचालन कार्यनीति

- नगरपालिकाको राजस्व शाखालाई आवश्यक कर्मचारी र भौतिक सुविधा सहित थप सुदृढ गर्ने
- आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका निर्माण गर्ने
- नगरपालिका अन्तर्गतका ऐलानी पर्ती जग्गाहरूको पहिचान गरी नगरपालिकाको अधीनमा रहने प्रबन्ध मिलाउन र सो पहिचान गरिएका ऐलानी पर्ती जग्गाबाट आय आर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने
- ऐलानी पर्ती जग्गा ओगटी बसोबास गरी बसेका व्यक्तिहरूले भोग गरेको जग्गाको यकिन गरी करको दायराभित्र ल्याउने व्यवस्था गर्नु पर्ने
- यस नगरपालिका अन्तर्गतको प्राकृतिक सम्पदा पोखरी, वनजङ्गल, नदीनाला आदिको संरक्षण र विकास गर्ने प्रबन्ध मिलाई नगरपालिकाको अधीनमा रहने प्रबन्ध मिलाउनुका साथै त्यस्ता सम्पदाहरूबाट नगरपालिकाको आय आर्जन हुने व्यवस्था गर्न करको दायराभित्र ल्याउनु पर्ने ।
- मठ मन्दिरको नाउँमा रहेको गुठी जग्गाको यकिन गरी त्यसबाट प्राप्त हुने आय स्रोतको उचित प्रबन्ध गर्ने र चुहावट हुनबाट रोकी त्यस्ता क्षेत्रहरूको पर्यटन प्रवर्द्धनको व्यवस्था गर्नु पर्ने ।
- यस नगरपालिका र पुनसंरचनाका क्रममा यस नगरपालिकमा गाभिएका साविकका गा.वि.स.ले निर्माण गरेका सडकहरूको पहिचान गरी त्यस्ता सडकहरूमा पूर्वाधार उपयोग शुल्कको बन्दोबस्त गरी आय आर्जन गर्ने व्यवस्था मिलाउनु पर्ने
- ई-रिक्सा, ठेलाहरूलाई नगरपालिकामा दर्ता र नवीकरणको प्रबन्ध गरी करको दायराभित्र ल्याउने व्यवस्था मिलाउनु पर्ने
- राजस्व वृद्धिका लागि विभिन्न क्षेत्रका सरोकारवालाहरूसँग र समन्वयको प्रबन्ध मिलाउनु पर्ने ।
- उद्योगी व्यवसायीहरूसँग सहकार्य गरी व्यवसाय दर्ता गर्ने र व्यवसाय कर असुल गर्ने तथा अन्य सरोकारवालासँग छलफल एवम् सहकार्य गरी कर सम्बन्धी आवश्यक कार्य विधि निर्माण गरी लागू गर्नु पर्ने ।
- करदाता शिक्षा कार्यक्रम संचालन गरी करदातालाई अभिप्रेरित गर्ने ।
- राजस्व तथा कर दस्तुर असुल गर्नका लागि वडाहरूमा घुम्ती सेवा चौमासिक/वार्षिक रूपमा संचालन गर्ने ।

## ४.३ राजस्व सुधार कार्य योजना

गैडाकोट नगरपालिकाको समग्र राजस्वको अवस्थालाई अध्ययन गर्दा निम्नानुसारको क्षेत्रहरूमा सुधार कार्य योजना  कार्यान्वयन गरी राजस्व वृद्धिमा संलग्न हुनुपर्ने देखिन्छ :

तालिका ८ : राजस्व सुधार कार्य योजना

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **क. कर तथा गैह्र कर राजस्व** | | | |
| मालपोत | बक्यौता रकम जरिवाना नराखी प्रोत्साहन स्वरूप छुट दिने व्यवस्था गर्ने | आर्थिक वर्ष २०७७/०७८ | कार्यपालिका /नगरसभा |
| | आफूले तिरेको कर आफ्नै हो भन्ने प्रत्याभूति गराउने सचेतना कार्यक्रम संचालन गर्ने | आ.व.०७७/७८ असोज मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा, वडा कार्यालय, |
| | करदाता शिक्षा कार्यक्रमलाई  अभियानकै रूपमा संचालन गर्ने (कर के हो ? केका लागि भन्ने जानकारीमूलक कार्यक्रम गर्ने) | | |
| | कर हप्ताह, कर वर्षको आयोजना गर्ने | | |
| सम्पत्ति कर | राजस्व शाखाको स्थापना गरी सो अन्तर्गत रहने गरी सम्पत्ति कर इकाईको स्थापना गर्ने | आ.व.०७७/७८ असोज मसान्तभित्र | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा, लेखा शाखा, प्रशासन शाखा, वडा कार्यालय |
| | सम्पत्ति मापनका लागि विधि ऐन नियम र मुल्याङ्कन प्रणालीलाई अद्यावधिक गर्ने | | |
| | राजस्व असुलीका लागि सबै वडास्तरमा सफ्टवेयर र विलिङ् प्रणाली शुरु गर्ने | | |
| | घरघरमा गएर फाराम वितरण र सङ्कलन गर्ने र कर छुट र जरिबानाको बारेमा अवगत गराउने साथै आम सञ्चार माध्यमको प्रयोग (रेडियो, एफ.एम, पत्रपत्रिका आदि ) गर्ने | | |
| | मुल्याङ्कन कार्य विधिहरूलाई सरलीकरण गर्दै स्वयं कर घोषणा (ऐलानी जग्गालाई समेत) लाई प्रोत्साहन गर्ने । | | |
| | राजस्वसँग सम्बन्धित सम्पुर्ण कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा कर सम्बन्धी प्रशिक्षण दिने । | | |
| | नगरपालिकाबाट सेवा लिनका लागि अनिवार्यरूपमा कर तिरेको प्रमाण पेश गर्नुपर्ने निति पूर्ण रुपमा कार्यन्वयन गर्ने । | | |
| | आर्थिक वर्षको पहिलो चौमासिकभित्र प्रत्येक घरघरमा सम्पत्ति कर मूल्याङ्कन गरी पत्र पठाउने । | | |
| | सम्पत्ति करको असल अभ्यास गरेका नगरपालिकाहरूको अध्ययन अवलोकन भ्रमण गर्ने | | |
| | नगरपालिका क्षेत्रभित्र रहेका व्यवसायीहरूको तथ्याङ्क सङ्कलन गरी लगत राख्ने । | | |
| व्यवसाय कर | सरोकारवालासँग व्यापक कर सचेतना सम्बन्धी अभिमुखीकरण आयोजना गर्ने | आ.व.०७७/७८ असोज मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालयहरू |
| | दर्ता नभएका व्यवसायीलाई नगरपालिकामा दर्ताका लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने | | |
| | समयमै कर तिर्नेलाई विशेष कर छुट र नतिर्नेलाई कर जरिबाना गर्ने निति अवलम्बन गर्ने । | | |
| सवारी कर | नगरपालिकाको क्षेत्रमा रहेका ई-रिक्सा, रिक्सा तथा ठेलागाडाको लगत सङ्कलन गर्ने | आ.व.०७७/७८ असोज मसान्तभित्र | राजस्व शाखा |
| | दर्ता नवीकरणको प्रक्रिया अगाडि बढाई कर सङ्कलन गर्ने | | |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | अन्य सवारी करको विषयमा प्रदेश कानुन र प्रदेश सरकारसँग समन्वय अनुसार गर्ने | | |
| घरजग्गा बहाल कर | घर तथा जग्गाको बहाल दर पुनरावलोकन गर्ने | आ.व.०७७/७८ असोज मसान्तभित्र | कार्यपालिका तथा वडा कार्यालयहरू |
| | घर जग्गा बहालमा दिने घरजग्गा धनीहरूको समस्याका लागि अन्तरक्रिया गर्ने र दोहोरो कर विषयमा भैरहेको अन्यौलता कम गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालय सँग समन्वय गर्ने | | |
| | घरदैलो कार्यक्रम गरी घरधनीहरूको विवरण सङ्कलन गर्ने र जानकारी दिने । | | |
| जडीबुटी, कवाडी तथा जीवजन्तु कर | नगरपालिका क्षेत्रभित्र जडीबुटी पकेटक्षेत्र घोषणा गरी जडीबुटी उत्पादनमा कृषकलाई प्रोत्साहन गरी जडीबुटी उत्पादन बढाउने साथै बजार प्रवर्द्धन तथा व्यवस्थापन गर्ने | २०७७ चैत्र मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालयहरू |
| | उत्पादित जडीबुटी निकासी पैठारीलाई करको दायरामा ल्याउने | २०७७ चैत्र मसान्तसम्म | कार्यपालिका ,प्रमुख प्रशासकीय अधिकृत, |
| | नगरपालिका क्षेत्रमा निकासी हुने कवाडी तथा जीवजन्तुलाई करको दायरामा ल्याउने | २०७७ चैत्र मसान्तसम्म | कार्यपालिका ,प्रमुख प्रशासकीय अधिकृत, |
| ढुङ्गा गिट्टी बालुवा लगायतका अन्य बिक्री आदि | वातावरणीय अध्ययन तथा परीक्षण गरी असुली प्रक्रियालाई अगाडि बढाउने | २०७७ पौष मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा, वातावरण शाखा |
| | छिमेकी पालिकासँग आवश्यक समन्वय गर्ने | | |
| बहाल बिटौरी शुल्क | सार्वजनिक क्षेत्रको अभिलेख तयार गर्ने | २०७८ भदौ मसान्तसम्म | राजस्व परामर्श समिति र राजस्व शाखा |
| | शुल्क निर्धारण समिति गठन गर्नुपर्ने साथै बहाल बिटौरी बहाल बिटौरी लगाउन सकिने क्षेत्रहरूको निर्धारण गर्ने (हाट बजार, ऐलानी जग्गा) र नगरसभाबाट पारितहुने गरी पेश गर्ने | | |
| | वार्षिक ठेक्का लगाई शुल्क असुली गर्ने | | |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | रजिष्ट्रेसन गर्नुपर्ने व्यावसायहरूको विवरण सङ्कलन गर्ने | २०७८ भदौ मसान्तसम्म | राजस्व परामर्श समिति र राजस्व शाखा |
| | प्रकृति अनुसार वर्गीकरण कर दर्ता तथा नवीकरण दस्तुर निर्धारण गर्ने | | |
| | वडा वडामा कर शिविर संचालन गर्ने | | |
| पर्यटन सेवा शुल्क | ऐतिहासिक, पर्यटकीय तथा अन्य धार्मिक स्थलहरू संरक्षण गरी पर्यटन प्रर्वद्धन गर्ने | निरन्तर | राजस्व शाखा, प्रशासन शाखा, कार्यपालिका |
| नक्सा पास दस्तुर | घर, टहरा, कम्पाउण्ड नक्सापास दस्तुर अनिवार्य गर्नुपर्ने | निरन्तर | नक्सापास शाखा कार्यपालिका |
| | नियमित अनुगमन र दण्ड जरिबाना लगाउने | हरेक तीन महिनामा | नक्सापास शाखा, राजस्व शाखा |
| | अभिलेखीकरण प्रक्रियालाई निरन्तरता दिने र यसका लागि घर दैलो कार्यक्रम गर्ने | आ.व. ०७७/७८ को अन्तसम्म | नक्सा शाखा |
| पार्किङ्ग शुल्क | सार्वजनिक स्थलहरूमा सुरक्षित पार्किङ स्थलहरूको व्यवस्था गर्ने | आ.व. ०७७/७८ को अन्तसम्म | कार्यपालिका,प्रशासन शाखा ( ट्राफिक कार्यालयसँग समन्वय गर्ने) |
| | पार्किङ स्थलमा पार्किङ नगर्नेलाई थप जरिबाना गर्ने व्यवस्था गर्ने | | |
| | २४ घण्टे सशुल्क पार्किङको व्यवस्था गर्ने | | |
| | पार्किङ चिन्हहरूको सही रूपमा व्यवस्थापन गर्ने | | |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | न्यून शुल्कमा सबैलाई पार्किङ प्रति आकर्षित गर्ने | | |
| अस्पतालमा फोहर व्यवस्थापन | अस्पतालको फोहर अस्पतालले नै व्यवस्थापन गर्ने र शुल्कको हकमा स्तर अनुसार निर्धारण गर्ने | आ.व. ०७७/७८ अन्तसम्म | कार्यपालिका, प्रशासन शाखा ( अस्पताल सँग समन्वय गर्ने) |
| शिफारिस शुल्क | वडाहरूबाट हुने सिफारिस शुल्कहरूका बारे नागरिक बडापत्र बनाउने | २०७७ असाढ मसान्तभित्रमा | नगर कार्यपालिका |
| | पर्चा छपाई वितरण गर्ने | | |
| सेवा शुल्क | नगरपालिका क्षेत्रभित्र खेलकुद, जलकृडा, पर्यटक क्षेत्रलाइ व्यवस्थित गरी वर्षिक कर लिन नगरपालिकाले निणर्य गर्नुपर्ने | २०७७ जेष्ठ मसान्तभित्रमा | कार्यपालिका तथा वडा कार्यालयहरू |
| **ख. नयाँ क्षेत्र पहिचान तथा परिचालन** | | | |
| सार्वजनिक सम्पत्तिको अभिलेखीकरण तथा परिचालन | नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गा, पोखरीहरूको अभिलेखीकरण गर्ने, संरक्षण तथा संवर्द्धन गर्ने, सोको परिचालन सम्भाव्यता अध्ययन गर्ने | आ.व ०७७/७८ भित्रमा | प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका, नगरसभा, सम्बन्धित वडा कार्यालयहरू |
| विभिन्न क्षेत्र तथा हाट बजार | वर्तमान अवस्थामा सुधार, वृक्षारोपण, सरसफाइ, तारबार लगाउने, प्रचार प्रसार | आ.व २०७९/२०८० सम्ममा | प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका, नगरसभा सम्बन्धित वडा कार्यालयहरू तथा नागरिक समाज |
| | पर्यटन क्षेत्र विस्तार गरी बोटिङ्ग र म्यूजिकल व्यवस्था गरी पर्यटकीय विकास गर्ने | | |
| | नगरपालिकाको दिर्घकालिन आय स्रोत हुने गरी सम्भाव्यता अध्ययन गर्ने : | आ.व. ०७७/७८ देखि०७९/०८० सम्म । | नगर कार्यपालिका, सम्बन्धित वडा कार्यालय, निजी क्षेत्र |
| | कृषि तथा तरकारी बजार केन्द्र (हाट बजार) | | |
| | निजी क्षेत्रका स्कुलहरू, निजी चिकित्सालय, निजी विद्यालय, टि.भि नेटवर्क, मोवाईल नेटवर्क ,ईँटा भट्टा, कोचिङ, टियुसन सेन्टर, आदिलाई करको दायरामा ल्याउनें | | |
| | नगरपालिकाका विभिन्न ठाउँहरूमा (गैडाकोट बजार लगायतमा सार्वजनिक शौचालय, खानेपानी, पार्किङको व्यवस्थाा गरी सेवा सुविधा साथै आय आर्जनको व्यवस्था गर्नु पर्ने | | |
| | सार्वजनिक निजी साझेदारीमा बजार कम्लेक्स, कोल्ड स्टोर, कर्वड हल, अतिथि गृह, धर्मशाला, विवाह मण्डप, प्राविधिक शिक्षालय, आदिको व्यवस्था गरी नगरबासीलाई सेवा तथा आय आर्जन गर्ने प्रबन्ध गर्ने | | |
| सम्भाव्य सुविधाको निर्माण, संचालन तथा व्यवस्थापन | चिल्ड्रेन पार्क निर्माण तथा पर्यटकीय क्षेत्रको विकास | | |
| | बाँझो, ऐलानी जग्गामा फलफुल, जडीबुटी, बुक्षारोपण गरी आय आर्जन गर्ने | | |
| | प्यारा ग्लाइडिङ्गको सम्भाव्यता अध्ययन गर्ने र कार्यान्वयनमा ल्याउने | २ वर्षभित्र | नगर कार्यपालिका |
| **ग. राजस्व प्रशासन** | | | |
| नीतिगत व्यवस्था | राजस्व सुधार कार्य योजना लगायत राजस्व ऐन तथा अन्य आवश्यक कार्य विधि तयार गर्ने | आ.व. २०७६ अषाढ | प्रमुख प्रशासकीय अधिकृत, |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | राजस्व परामर्श समितिले पारित गरेका राजस्व तथा कर नीतिहरू लागु गर्ने | मसान्तभित्र | नगरसभा |
| साङ्गठनिक व्यवस्था | राजस्व प्रशाासनका लागि आवश्यक जनशक्ति तथा क्षमता विकास गर्ने | आ.व. २०७८ अषाढ मसान्तभित्र | राजस्व शाखा, नगरकार्यपालिका, राजस्व परामर्श समिति |
| | भौतिक सुविधाहरू (कार्य स्थल, फर्निचर, ल्यापटप, प्रिन्टर, कम्प्युटर सफ्टवेयर आदी) यथोचित व्यवस्था गर्ने | | |
| राजस्व सङ्कलन तथा अभिलेख | सबै वडाहरूमा सफ्टवेयर तथा कम्प्युटरीकृत प्रणालीमार्फत सेवा दिने र Software Upgrade गर्ने | २०७७ साल भदौ मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत, प्रशासन शाखा र राजस्व शाखा |
| | घरहरूको तथ्याङ्क लिने, नम्बरिङ्ग गर्ने र न्एक माध्यमबाट रुजु गर्ने | | |
| | कर सम्बन्धी प्रशिक्षित जनशक्ति तयार गर्ने र सचेतना कार्यक्रम संचालन गर्ने | | |
| | अधिक करको दरमा पुनरावलोकन गर्ने | | |
| | सेवाग्राहीलाई कर तिर्दा टोकन, सुलभ बस्ने, पिउने पानी, टि.भि. पत्रपत्रिकाको व्यवस्था गर्ने | | |
| | सेवाग्राहीलाई वाईफाईको व्यवस्था गर्ने | | |
| | करदाताको परिचयपत्र बनाउने | | |
| सूचना | सञ्चार माध्यमबाट कर तिर्ने प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने | २०७७ साल चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत, प्रशासन शाखा, वडा सचिवहरू |
| | नगरपालिका र वडामा करको दररेट सहित नागरिक बडापत्र राख्ने र सुसूचित गराउने | | |
| | करदाताहरू सम्मिलित सार्वजनिक अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने | | |
| | डिजिटल फ्ल्याक्स बोर्डबाट करको दररेट सम्बन्धी जानकारी दिने | निरन्तर | |
| | सामाजिक सञ्जाल, फेस बुक, टुईटर मार्फत करको दररेट, नगरपालिकाको सूचना सम्प्रेषण गर्ने | | |
| अनुगमन तथा पारदर्शिता | वडा अध्यक्षको संयोजकत्वमा वडास्तरीय राजस्व अनुगमन समिति गठन गर्ने र समितिमा सबै पक्षलाई समेट्ने | नियमित | नगर कार्यपालिका, वडा कार्यालयहरु |
| | नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय राजस्व अनुगमन समिति गठन गर्ने र समितिमा सबै पक्षलाई समेट्ने | | |
| | चौमासिक रूपमा अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा पेश गर्ने | | |
| | अनुगमन गरी करको दायराभन्दा बाहिर रहेका करदातालाई करको दायरामा ल्याउने | | |
| | प्रत्येक तीनतीन महिनामा आय व्ययको सार्वजनकीकरण गर्ने । | | |
| करदाताको पहिचान | करदाताको आर्थिक अवस्थाको पहिचान गरी सूची तयार गर्ने । | नियमित | नगरपालिका, वडाकार्यालयहरु |
| | समय समयमा कर दाताहरूसँग अन्तरक्रिया तथा समन्वय गरी कर तिर्न प्रोत्साहान गर्ने। | | |
| करदाता तथा कर्मचारी | असल करदातालाई सम्मान (बढी कर तिर्ने र नियमित तिर्नेलाई) गर्ने | वार्षिक रूपमा (नगरसभा गर्ने | प्रमुख प्रशासकीय अधिकृत, |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| प्रोत्साहन कार्यक्रम | | दिनमा) | कार्यपालिका, नगरसभा, सम्बन्धित वडा कार्यालयहरू |
| पुर्वाधार सेवा शुल्क तथा उपयोग बापतकर | कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्य सम्पादन मूल्याङ्कन गरी प्रोत्साहन दिने | | |
| | खानेपानी, बिजुली, सामुदायिक भवन, फोहोर मैला व्यवस्थापन गर्ने | आ.व. ०७७/७८ सम्ममा | |
| समिक्षा र मूल्याङ्कन | वार्षिक रूपमा समीक्षा तथा पुनरावलोकन गर्ने | हरेक आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक | कार्यपालिका, सम्बन्धित वडा कार्यालय, निजी क्षेत्र |
| | गुनासो पेटिका, गुनासो सुन्ने अधिकारको व्यवस्था गर्ने | | |

## ४.४ राजस्व प्रक्षेपण

उल्लेखित राजस्व सुधार कार्य योजनाको प्रभावकारी कार्यान्वयन भई नगरपालिकाले सङ्कलन गर्ने आगामी तीन अर्थिक वर्षहरू (आ.व. २०७७।०७८ देखि २०७९।०८० सम्म) को आयको सम्भाव्यता लाई प्रक्षेपण गरिएको छ । प्रक्षेपणका लागि विगत आर्थिक वर्षको आयको प्रवृत्ति, राजस्व वृद्धि दर र राजस्व सुधार कार्य योजनाको कार्यान्वयले दायरा बढ्न गई सोबाट हुने योगदानको अनुमानलाई आधार लिइएको छ । नगरपालिकाले यस प्रक्षेपणलाई भविष्यमा वार्षिक बजेट अनुमानका लागि मार्गदर्शनको रूपमा लिई आन्तरिक आय वृद्धि गर्दछ भन्ने अनुमान गरिएको छ । राजस्व सुधार कार्य योजनाको आधारमा रहेर आय प्रक्षेपण देहाय अनुसारका मान्यताहरूका आधारमा तयार पारिएको हो ।

***सामान्य मान्यताहरू :***

- स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार र नगरपालिकाको नयाँ क्षेत्र बढेसँगै आय सङ्कलनको आधार (करको दायरा) स्वत: विस्तार भएको छ ।
- हालका करका दायराहरू तथा आगामी आर्थिक वर्षहरूमा वृद्धि हुनसक्ने दायराहरू नगरपालिकामा भएका गोष्ठी/छलफलबाट प्राप्त सुझावका आधारमा प्रस्ताव गरिएका छन् । यसैगरी हाल निर्धारण भई नसकेका करका दरको प्रस्तावहरू उक्त गोष्ठी/छलफलबाट प्राप्त सुझावहरूलाई आधार बनाइएको छ ।
- राजस्व सुधार कार्य योजना  कार्यान्वयन भए पश्चात्त नगरपालिकाको राजस्व प्रशासनमा सुधार आउनेछ ।
- राजस्व प्रशासनमा सुधार आउनुले राजस्व सङ्कलन प्रभावकारी हुनेछ ।
- सेवा शुल्क, दस्तुर, महशुल, आदिलाई विगत वर्षहरूको प्रवृत्तिका आधारमा प्रक्षेपण गरिएको छ ।
- नगरपालिकाले राजस्व सुधार कार्य योजना  अध्ययन गरी सम्भाव्य गतिविधिहरू (कार्य) आगामी आर्थिक वर्षदेखि कार्यान्वयनमा ल्याउनेछ ।
- नेपाल सरकारबाट आ.व. २०७७/०७८ का लागि प्राप्त समानीकरण र सशर्त अनुदान रकममा वार्षिक १० प्रतिशतका दरले वृद्धि हुने गरी आ.व ७८/०७९ र ०७९/०८० को लागि अनुमान गरिएको छ । यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गैडाकोट नगरपालिकाले गरेको अनुमान रकमलाई आधार मानी अवस्था हेरी उल्लेख गरिए बाहेक अन्य शीर्षकमा १० प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ ।

तालिका ९ : आगामी तीन आर्थिक वर्षहरूका लागि आय प्रक्षेपण

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| **१००००** | **राजश्व तथा अनुदान** | **७५९,१९४,४९७** | **८०८,९७७,५४७** | **८९३,६६७,०५१** |
| **११०००** | **कर** | **४५,१९९,०००** | **५४,३८२,५००** | **६३,६१२,५००** |
| **११३००** | **सम्पत्ती कर** | **३५,७४९,०००** | **४३,६३७,५००** | **५१,५४३,०००** |
| **११३१०** | **अचल सम्पत्तीमा लाग्ने कर** | **३५,७४९,०००** | **४३,६३७,५००** | **५१,५४३,०००** |
| ११३१३ | सम्पत्ति कर | २६,२१०,००० | ३२,७६२,५०० | ३९,३१५,००० |
| ११३१४ | भूमी कर (मालपोत) | २००,००० | १८०,००० | १६२,००० |
| ११३२१ | घर बहाल कर | ७,८३९,००० | ९,०४५,००० | १०,२५१,००० |
| ११३२२ | बहाल विटौरी शुल्क | १,५००,००० | १,६५०,००० | १,८१५,००० |
| **११४७०** | **मनोरंजन कर** | **२१५००००** | **२३६५०००** | **२६०१५००** |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | |
| ११४७२ | विज्ञापन कर | २०००००० | २२००००० | २४२०००० |
| ११४७३ | अन्य मनोरंजन कर | १५०००० | १६५००० | १८१५०० |

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| **११६००** | **अन्य कर** | **७,३००,०००** | **८,३८०,०००** | **९,४६८,०००** |
| **११६१०** | **व्यवसायले भुक्तानी गर्ने (व्यवसाय कर)** | ६,५००,००० | ७,५००,००० | ८,५००,००० |
| **११६९०** | **अन्य कर** | **३०००००** | ३३०००० | ३६३००० |
| ११६९१ | अन्य कर (कवाडी कर) | ५००००० | ५५०००० | ६०५००० |
| **१३०००** | **अनुदान** | **४९९,०८८,०००** | **५१८,१९६,८००** | **५७०,०१६,४८०** |
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **४९९,०८८,०००** | **५१८,१९६,८००** | **५७०,०१६,४८०** |
| **१३३१०** | **अन्तरसरकारी अनुदान** | **४९९,०८८,०००** | **५१८,१९६,८००** | **५७०,०१६,४८०** |
| १३३११ | समानिकरण अनुदान | १७४,५८८,००० | १९२,०४६,८०० | २११,२५१,४८० |
| १३३१२ | शसर्त अनुदान | २९६,५००,००० | ३२६,१५०,००० | ३५८,७६५,००० |
| १३३१३ | विषेश अनुदान | | | |
| १३३१४ | समपुरक अनुदान | | | |
| १३३१५ | अन्य अनुदान | | | |
| **१३३२०** | **अन्तरसरकारी पूँजीगत अनुदान** | **२८००००००** | **३०८०००००** | **३३८८००००** |
| १३३२१ | शसर्त पूँजीगत अनुदान | २८०००००० | ३०,८००,००० | ३३,८८०,००० |
| १३३२२ | विशेष पूँजीगत अनुदान | | | |
| **१४०००** | **अन्य राजश्व** | **२१४,९०७,४९७** | **२३६,३९८,२४७** | **२६०,०३८,०७१** |
| **१४१७०** | **राजश्व बाँडफाँडबाट प्राप्त आय** | **१६१,५२७,४९७** | **१७७,६८०,२४७** | **१९५,४४८,२७१** |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन रोयल्टी | ५३०००००० | ५८३००००० | ६४१३०००० |
| १४१७८ | सवारी साधन कर | | | |
| १४१७९ | अन्य बाँडफाँड हुने राजश्व | १०८,५२७,४९७ | ११९,३८०,२४७ | १३१,३१८,२७१ |
| **१४२००** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **३०,१००,०००** | **३३,११०,०००** | **३६,४२१,०००** |
| **१४२१०** | **बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **३०१०००००** | **३३११००००** | **३६४२१०००** |
| १४२११ | कृषी उत्पादनको बिक्रिबाट प्राप्त रकम | | | |
| १४२१२ | सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम | | | |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम (ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी आदी समेत) | ३०,०००,००० | ३३,०००,००० | ३६,३००,००० |
| १४२१६ | निजी धारा बापतको शुल्क | | ० | ० |
| १४२१७ | खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क | | | |
| १४२१८ | विद्युत्त सेवा शुल्क | | ० | ० |
| १४२१९ | अन्य सेवा शुल्क | १००००० | ११०,००० | १२१,००० |
| **१४२२०** | **प्रशासनिक सेवा शुल्क** | **४००,०००** | **४४०,०००** | **४८४,०००** |
| १४२२१ | न्यायिक दस्तुर | १००,००० | ११०,००० | १२१,००० |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | | |

| राजश्व संकेत | राजश्व शिर्षक | प्रक्षेपित आय (आ.व.) | | |
|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १४२२४ | परीक्षा शुल्क | २००,००० | २२०,००० | २४२,००० |
| १४२२५ | यातायात क्षेत्रको आम्दानी | | | |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १००,००० | ११०,००० | १२१,००० |
| **१४२४०** | **दस्तुर** | **१९,४८०,०००** | **२१,४२८,०००** | **२३,५७०,८००** |
| १४२४१ | पार्किË शुल्क | | | |
| १४२४२ | नक्सापास दस्तुर | ८,०८०,००० | ८,८८८,००० | ९,७७६,८०० |
| १४२४३ | सिफारिश दस्तुर | ९,६००,००० | १०,५६०,००० | ११,६१६,००० |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १००००० | ११०,००० | १२१,००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ७००००० | ७७०,००० | ८४७,००० |
| १४२४६ | मुल्यांकन दस्तुर | ५००००० | ५५०,००० | ६०५,००० |
| १४२४९ | अन्य दस्तुर | ५००००० | ५५०,००० | ६०५,००० |
| **१४३००** | **दण्ड, जरिवाना र जफत** | **२००,०००** | **२२०,०००** | **२४२,०००** |
| **१४३१०** | **दण्ड, जरिवाना र जफत** | **२००,०००** | **२२०,०००** | **२४२,०००** |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | १००००० | ११०००० | १२१००० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १००००० | ११०००० | १२१००० |
| **१४५२०** | **अन्य राजश्व** | **३,२००,०००** | **३,५२०,०००** | **३,८७२,०००** |
| १४५२१ | प्रदुषण नियन्त्रण शुल्क | | | |
| १४५२२ | साना सवारी कर | २००००० | २२०,००० | २४२,००० |
| १४५२३ | लागत सहभागिता | ० | ० | ० |
| १४५२९ | अन्य राजश्व (विविध आय) | ३,०००,००० | ३,३००,००० | ३,६३०,००० |
| **१५०००** | **बेरुजु** | | | |
| | **जम्मा राजश्व, अनुदान तथा दायित्व** | **७५९,१९४,४९७** | **८०८,९७७,५४७** | **८९३,६६७,०५१** |

## ४.५ निष्कर्ष र सुझाव

गैडाकोट नगरपालिकाले संविधान तथा ऐनले स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेबारी अनुरूप लक्ष्य, उद्देश्य अनुसार पूर्ण रूपमा सेवा दिन प्रयास गरिरहेको देखिन्छ । नगरपालिकाका लागि चाहिने भौतिक तथा नीतिगत तहमा विभिन्न पक्षमा सुधारका कार्य गर्नु आवश्यक देखिन्छ। यस राजस्व सम्बन्धी अध्ययनले गैडाकोट नगरपालिकाको मौजुदा राजस्व प्रणाली, व्यवस्थापन तथा स्थितिको बारेमा समग्र अध्ययन गरेको छ । हालको परिवर्तित व्यवस्था अनुसार राजस्व परिचालनका क्षेत्रमा गर्नुपर्ने कृयाकलापहरूको पहिचान र योजनाका साथमा अगामी आर्थिक वर्षहरूमा सङ्कलन हुन सक्ने राजस्वको प्रक्षेपण यस दस्तावेजले समेटेको छ। साथै अध्ययनबाट यस नगरपालिकाले राजस्व वृद्धि गर्नका लागि विस्तृत रूपमा करका विविध क्षेत्रहरूको अध्ययन गर्नुका साथै करको कम्प्युटर सफ्टवेयर विकास गरी कर प्रसाशनलाई प्रभावकारी गर्नु पर्ने समेत देखिन्छ।

सारांशमा राजस्व सुधार कार्य योजना को कार्यान्वयन पश्चात नगरपालिकाको आय संरचनालाई तलको तालिकामा दिईएको छ । राजस्व बाँडफांडको प्रक्षेपण गर्दा हाल बाँडफाँड भई आएका स्रोतहरूको मात्र प्रक्षेपण गरिएको छ।

**तालिका १० : नगरपालिकाको आय संरचना**

| क्र.सं. | शिर्षक | | | |
|---|---|---|---|---|
| | | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १ | आन्तरिक आय | ९८,५७९ | ११३,१०१ | १२८,२०२ |
| २ | राजश्व बाँडफाँडबाट प्राप्त आय | १६१,५२७ | १७७,६८० | १९५,४४८ |
| ३ | अनुदान | ४९९,०८८ | ५१८,१९७ | ५७०,०१६ |
| जम्मा | | ७५९,१९४ | ८०८,९७८ | ८९३,६६७ |

नगरपालिकाको कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशतमा) तलको रेखा चित्रमा उल्लेख गरिएको छ। आ.व. २०७७/७८ मा कुल आयमा आन्तरिक आयको योगदान करिब १३ प्रतिशत अनुमान गरिएको छ भने त्यस पछिका आ.व.हरूमा क्रमश: करिब १४ र १४.३५ प्रतिशतका दरले वृद्धि अनुमान गरिएको छ।




नगरपालिकालाई राजस्व सङ्कलन अधिकार उल्लेख्य रूपमा प्रदान गरिएकोले नगरपालिकाको दायरा अधिक देखिन्छ। नगरपालिकाले आफ्नो अधिकार क्षेत्रका सम्भाव्य सबै कर, शुल्क तथा दस्तुर सङ्कलन गर्ने प्रयास गरेको देखिदैन। यस कारण राजस्व प्रशासन प्रभावकारी हुन नसक्ने भएकोले तत्काल राजस्व वृद्धिमा योगदान पुऱ्याउन मद्दत गर्ने केहि महत्वपुर्ण र प्रभावकारी स्रोतहरूको सङ्कलन तर्फ ध्यान दिनु उपयुक्त देखिन्छ। साथै राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरूलाई पनि प्राथमिकिकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ। नगरपालिकाले प्रभावकारी सङ्कलनमा प्राथमिकताका आधारमा तत्काल जोड दिनुपर्ने राजस्वका शीर्षकहरू निम्नानुसार छन्।

| | | | |
|---|---|---|---|
| सम्पत्ति कर | घर जग्गा बहाल कर | व्यवसाय कर | बहाल बिटौरी शुल्क |

त्यसैगरी गैडाकोट नगरपालिकाले राजस्व वृद्धि एवम् करको प्रभावकारी सङ्कलनका लागि प्राथमिकताका आधारमा निम्नानुसारका क्रियाकलापहरू गर्न सिफारिस गरीन्छ :

- सम्पत्ति कर नगरपालिकाको प्रमुख आन्तरिक स्रोतको रूपमा रहेकाले यसका करदातालाई करको दायरामा ल्याउन र दाताहरूलाई नियमित रूपमा सूचना पठाउने पद्धतिको विकास गर्न प्रविधियुक्त, सूचना प्रणालीलाई मजबुत गर्नु पर्ने देखिन्छ। सम्पती मूल्यांकन दर पुनरावलोकन गर्दा व्यावसायिक

प्रयोजन वा जिविकोपार्जन प्रयोजनको आधारलाइ विशेष स्थान दिनु न्यायोचित हुनेछ ।

- घरजग्गा बहाल कर प्रभावकारी रुपमा असुली गर्न व्यावसायिक प्रयोजन बाहेकका जस्तै निजी तथा कृषि प्रयोजनका लागि करको दरमा पुनरावलोकन गर्नु न्यायोचित हुन्छ। साथै न्यूनतम भाडा रकम (स्थान र क्षेत्रफलको आधारमा) तोकी अनुगमनलाई प्रभावकारी बनाउदा रकको दायरा बढ्ने छ ।
- व्यावसायिक करका लागि एक पटकका लागि घर दैलो गरी दर्ता प्रकृया गर्नु पर्ने देखिन्छ । आर्थिक ऐनको तर्जुमा गर्ने क्रममा सम्बन्धित सरकोरवालासँग व्यापक छलफल गरी व्यवासायिक कारोबार तथा पूँजीगत लगानीका आधारमा आवश्यकता भए वर्गीकरण समेत गरी कर निर्धारण गर्नु पर्दछ जसले गर्दा सरोकारहरूको साथ र सहयोग रहनेछ र करको दर तथा दायरा बुद्धि हुनेछ ।
- सवारी साधन (ईरिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको संख्या निकै न्यून रहेको भए पनि दर्ता तथा नवीकरण गरी सवारी साधनहरूलाई नियमन तथा दर्ता प्रकृयामा समेत ल्याउन आवश्यक छ ।
- नगरपालिकाले सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल, व्यानर अदिमा विज्ञापन कर असुली गर्न ठेक्काबाट हुदै आएकामा करदाताप्रति न्यायोचित व्यवहार भए नभएको र बजारको सौन्दर्यमा प्रतिकूल असर परे नपरेको अनुगमन गर्नु पर्ने देखिन्छ ।
- नगरपालिका आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लिइने बहाल बिटौरी शुल्क हाल असुली भएको भन्दा बढी राजस्व असुली गर्ने सम्भावना रकेकाले दायरामा आए नआएको अनुगमन गरी विस्तार गर्नु पर्ने देखिन्छ ।
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्ति वा रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य वस्तुहरूको बिक्री बाट सम्भावना भएर पनि आम्दानी हुन नसकिरहेको अवस्थालाई शीघ्रासिशीघ्र अन्त्य गर्नु पर्छ र टेक्का वन्दोवस्त गर्न तथा सम्भव नभए अमानतमा पनि आय गर्नु पर्ने देखिन्छ । र बालुवा ढुंगा, गिटीको लागायतका स्रोतहरु संकलन गरिने क्षेत्रमा बाढीजन्य प्रकोप न्यूनिकरणका लागि सो क्षेत्रका लागि निश्चित प्रतिशत रकम छुट्याउने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- नगरपालिकाले नगरबासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरे वापत जस्तै संघ संस्था सिफारिस, नक्सापास, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजका लागि सिफारिस जस्ता सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरूप सेवा शुल्कहरू निर्धारण गर्दा त्यस सेवा दिँदा वा नियमन गर्दा लाग्ने समय र जनशक्तिको आधारमा निर्धारण गर्नु पर्दछ र न्यायोचित बनाउनु पर्दछ ।
- पुराना घरहरुलाई न्यूनतम शुल्क लिई अभिलेखिकरण र नक्सापास प्रक्रिया लाई सरलिकृत गर्दै यसबाट आय स्रोत वृद्धिमा ध्यान दिनु पर्ने र भौगोलिक सूचना प्रणाली र राजस्व शाखा बीच निकटतम सम्वन्ध स्थापना गर्नु पर्ने देखिन्छ ।
- लेखा प्रणालीलाई व्यवस्थित गरी पेश्की नियन्त्रण, प्रोदभावी लेखा प्रणाली कार्यान्वयन तथा व्यवस्थापन र स्थीर सम्पत्तिहरूको संरक्षण र परिचालन गर्नु पर्ने देखिन्छ ।
- फोहरमैला तथा सरसफाई शुल्क एकमुष्ठ रुपमा लिइदै आएकोमा फोहरको प्रकृति र परिमाणका आधारमा शुल्क लिने व्यवस्था मिलाउने तथा ग्रामिण क्षेत्रमा जहाँ सेवा उपलव्ध गराउन नसकिने ठाँउका सेवा शुल्क नलिने व्यवस्था समेत गर्नु पर्ने देखिन्छ ।
- नयाँ क्षेत्रहरूको पहिचान, व्यावसायिक लगानी अभिबृद्धिका लागि लगानीमैत्री वातावरण सिर्जनाका लागि आवश्यकता अनुसार अध्ययन, अनुसन्धान, लगानी सम्मेलन गरी आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्नु पर्दछ ।
- स्थानीय राजस्वका सम्वन्धमा जनप्रतिनिधि लगायत राजस्वमा काम गर्ने कर्मचारीको क्षमता विकास,

प्रविधि विकास तथा अनुगमन नियमित रूपमा गर्नु पर्दछ ।

- नगरबासीले तिरेको कर, शुल्क, महसुल र दस्तुर नगरको आधारभुत सेवा तथा विकास निर्माणको खर्च भएको सुनिश्चिततताका लागि पारदर्शितामा जोड दिनु पर्दछ । साथै कर शुल्क, महशुल र दस्तुरहरुको करको दर निर्धारण गर्दा छिमेकी पालीकाहरु संगको तुलनात्मक अध्ययन गरी गर्ने ।
- कोभिड १९ पछि उत्पन्न परिस्थितिमा करदाताहरुलाई राहत दिन पर्ने देखिन्छ । लकडाउन वा व्यापार व्यावसयमा पर्न सक्ने क्षतिको आधारमा छुट दिन सक्ने व्वस्था आर्थिक ऐनमा समावेस गर्नु पर्ने देखिन्छ । यसरी भएको क्षतिलाई करको दायरा बृद्धि गरि पूर्ति गर्न सकिन्छ ।

## अनुसूचि १ गैडाकोट नगरपालिकाको राजस्व ऐन, २०७७ को मस्यौदा

नगरसभाबाट पारित मितिः
प्रमाणीकरण मितिः गैडाकोट

गैडाकोट नगरपालिका

### कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७

प्रस्तावनाः

नगरपालिकाको समग्र विकासका लागि राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले गैडाकोट नगरपालिकाको सभाले नेपालको संविधानको धारा २२६ को उपधारा १ बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कानूनको नाम नगरपालिकाको राजश्व सम्बन्धी ऐन २०७७ रहेको छ ।

(२) यो कानून नगरपालिकाको अधिकारक्षेत्रभित्र लागू हुनेछ र यस कानून बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँ सुकै रहेबसेको भएपनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो कानून नगर प्रमुखबाट प्रमाणीकरण भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमाः

(क) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(ख) "नगरपालिका" भन्नाले रामगांम नगरपालिकालाई सम्झनुपर्दछ ।

(ग) "सभा" भन्नाले नगरपालिकाको सभा सम्झनुपर्छ ।

(घ) "आर्थिक ऐन" भन्नाले नगरपालिकाले सालवसाली रुपमा जारी गर्ने आर्थिक ऐन सम्झनुपर्छ ।

(ङ) "कम्पनी" भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनुपर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउदछ।

(च) "कर" भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनुपर्छ।

(छ) "कर अधिकृत" भन्नाले नगरपालिकाले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनुपर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने नगरपालिकाको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउदछ ।

(ज) "कार्यालय" भन्नाले नगरपालिकामा कर सम्बन्धी काम कारवाही र निर्णय गर्ने नगरपालिकाको महाशाखा, शाखा, वडा कार्यालय वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको नगरपालिका अन्तर्गतको संगठन संरचना सम्झनुपर्छ ।

(झ) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउदछ ।

(ञ) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनुपर्छ ।

३. व्याख्याः यो ऐनमा परिभाषा गरिएकोमा सोही अनुसार र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद २
## राजस्व निर्धारणका आधार र कर प्रशासन

४. **कर तथा गैरकर राजस्व निर्धारणका आधारः** (१) कर राजस्व देहायका आधारमा निर्धारण गर्नुपर्नेछः

(क) कर तिर्न सक्ने क्षमता

(ख) कर प्रणाली समानता र न्यायमा आधारित हुने अवस्था

(ग) कर प्रशासन सरल पारदर्शी र मितव्ययी हुने अवस्था

(घ) नागरिकको सुविधा

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरणको सिर्जना

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता

(छ) पच्चातदर्शी असर नपर्ने गरेर ।

(२) गैरकर राजस्व लगाउदा र उठाउदा उलब्ध गराइने सेवा सहुलियत र सुविधाको लागत संचालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ।

५. **कर प्रशासनः** (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकारक्षेत्र भित्रको कर तथा गैरकरको प्रशासन संचालन नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, चुस्त दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यालय रहन सक्नेछन् ।

६. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी कार्यालयमा रहन सक्नेछन् ।

(२) कार्यालयमा नगरपालिकाले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

७. **कर अधिकृतको काम कर्तव्य र अधिकारः** यस कानूनमा अन्यत्र उल्लेख भएका काम कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. करदाता दर्ता गर्ने

ख. करदाताबाट विवरण प्राप्त गर्ने

ग. कर परीक्षण तथा अनुसन्धान गर्ने

घ. कर संकलन गर्ने

ङ. कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने

च. कर सम्बन्धी जनचेतना अभिबृद्धि गर्न कार्यक्रम संचालन गर्ने कर

छ. कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा नगरपालिकालाई सुझाव दिने

ज. राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने

झ. करदाताले कारोबारको अभिलेख दुरुस्त राख्न लगाउने र यसलाई सूचना प्रविधिमैत्री बनाउने

ञ. कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने

ट. कर सम्बन्धी अन्य कार्य गर्ने ।

८. **अधिकार प्रत्यायोजनः** (१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस कानून बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा नगरपालिकाबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नुपर्नेछ ।

९. **प्रत्यायोजित अधिकार र जिम्मेवारीः** (१) दफा ७ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ७ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद ३
## कर राजस्व सम्बन्धी व्यवस्था

१०. **सम्पत्ति करः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ ।

(२) **उपदफा** (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा १४ बमोजिम भूमिकर (मालपोत) लगाइनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्दछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्याङ्कन देहाय बमोजिम गरिनेछः

(क) घर र घरजग्गाको आकार प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक वा आवसीय उपयोगको अवस्था

(घ) सम्पत्ति मूल्याङ्कन गर्दा अनुसुची १ बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्याङ्कन गर्न देहायको घर जग्गा मूल्याङ्कन समिति गठन गर्न सक्नेछ ।

क. नगरपालिकाको उपप्रमुख -संयोजक

ख. कार्यपालिकाले तोकेको कार्यपालिकाको एक जना सदस्य - सदस्य

ग. कार्यपालिकाले तोकेको इन्जिनियर वा प्राविधिक -सदस्य

घ. कार्यपालिकाले तोकेको घरजग्गा सम्बन्धी विज्ञ एक जना -सदस्य

ङ. राजश्व शाखा प्रमुख -सदस्य सचिव

**स्पष्टीकरणः** घरजग्गा मूल्याङ्कन समितिले नगरपालिकाको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६) घरजग्गा मूल्याङ्कन समितिले प्रत्येक तीन बर्षमा घर जग्गा मूल्याङ्कनका आधार र दरको सुझाव सिफारिस गर्न सक्नेछ ।

(७) घरजग्गा मूल्याङ्कन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(८) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

क.आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा

ख.कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक

(९) करदाताले प्रत्येक वर्ष स्वयं कर निर्धारण गरी नगरपालिकामा विवरण पेश गर्नुपर्नेछ ।

(११) यस दफा बमोजिम प्रत्येक आर्थिक वर्षमा करदाताले दाखिला गर्नुपर्ने कर सोही आर्थिक वर्षभित्र कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(१२) नावालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

(१३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्ने छैनः

(क) नेपाल सरकार प्रदेश सरकार र नगरपालिकाको स्वामित्त्वमा रहेको घर र जग्गा,

(ख) सरकारी अस्पतालको घर र घरजग्गा,

(ग) गुठीको स्वामित्त्वमा रहेको घर र घरजग्गा,

(घ) मुनाफाको उद्देश्य नराखी संचालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण बोर्ड र सरकारी संस्थानको घर र घरजग्गा,

(ङ) मुनाफाको उद्देश्य नराखी संचालन भएका संघ, संस्थाको घर र घरजग्गा,

(च) धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद आदि) को घर र घरजग्गा,

(छ) खानेपानी संकलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क जस्ता सार्वजनिक उपयोगका स्थलहरु,

(ज) कुटनैतिक नियोगका घर र घरजग्गा ।

११. **घर जग्गा बहाल करः** नगरपालिका क्षेत्रभित्र वहालमा लगाइएको घर, सटरकवल, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहालमा दिएकोमा बहाल रकममा बहाल कर लगाइ असुल गरिनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड) कारखाना र यस्तै पक्की वा कच्चि संरचना सम्झनुपर्छ ।

(२) घर जग्गा बहालमा लगाउने व्यक्ति बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर जग्गा बहालमा दिंदा प्रत्येक घर वा जग्गा धनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैतिस दिनभित्र कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएपनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर वा जग्गा बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टीगरी कार्यालयमा बुझाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टीगरी दाखिला गर्नुपर्ने घर जग्गा बहाल कर करकट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नुपर्नेछ ।

(६) घर जग्गा बहालको प्रयोजनको लागि नगरपालिकाले न्यूनतम मासिक बहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) घर जग्गा बहालमा दिने धनीले बहाल सम्बन्धी विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र पेश गर्नुपर्नेछ ।

(१०) एक आर्थिक वर्षको घर बहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने धनीलाई घर जग्गा बहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

१२. **घर जग्गा रजिष्ट्रेसन शुल्कः**

(१) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ।

१३. **सवारी साधन करः** (१) नगरपालिकाले सवारी साधन कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा प्रदेश कानुन बमोजिम हुनेमा प्रदेश कानुन बमोजिम नै र अन्यको हकमा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइने छ ।

१४. **भूमिकर (मालपोत)ः** (१) नगरपालिकाले भूमिकर मालपोत लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लगाइनेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ।

(३) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा नगरपालिकाले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले पन्ध्र दिनभित्र त्यसको सूचना सभाको बैठक चलेको भए सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यसपछि बस्ने सभाको पहलो बैठकले पारित गर्नुपर्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येक वर्ष कार्यालयमा बुझाउनु पर्नेछ ।

**१५.मनोरन्जन कर:** (१) नगरपालिकाले चलचित्र घर, साँस्कृतिक प्रदशर्न हल, कन्सर्ट जस्ता मनोरञ्जनका व्यवसाय वा सेवामा प्रदेश कानुनले तोकेकोमा प्रदेश कानुन बमोजिम र नतोकेकोमा नगरपालिकाको आर्थिक ऐन बमोजिम मनोरञ्जन कर उठाउनेछ ।

**१६. विज्ञापन कर:** (१) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र राखिने विज्ञापन सामग्रीमा विज्ञापन कर लगाई असूल गर्नेछ ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भान्नाले होडिङ बोर्ड, साइन बोर्ड, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्री व्यक्ति वा संगठित संस्थाले नगरपालिका क्षेत्रभित्र पर्ने आफ्नो ब्यापार व्यवसायको प्रचार गर्ने एवं आफ्ना लक्षित वर्ग र समुदायलाई खास सन्देश दिने हेतुले गरिने प्रचारलाई समेत सम्झनु पर्छ।

(३) विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट विज्ञापन कर असूल गरिनेछ।

(५) यस दफा बमोजिमको विज्ञापन सामग्री राख्न नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुमति पत्र दिदा सर्वसाधारणको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नवीकरण गर्नुपर्ने समय, नवीकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा, सामग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापट्टी (होर्डिङ्ग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रयोजनबाट असूलगरी कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाको जग्गा वा सम्पत्ति (पोल आदि) मा विज्ञापन सामग्री राख्नु अघि विज्ञापन राख्ने संस्था वा कम्पनी वा व्यक्तिले सम्बन्धित निकायबाट सिफारिस वा अनुमति लिनुपर्नेछ ।

(९) व्यापारिक वा व्यावसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छूट वा मिनाहा हुनेछैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाका तर्फबाट राखेका विज्ञापनमा कर लाग्नेछैन ।

**१७. व्यवसाय कर:** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्ययवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा बार्षिक व्यवसाय कर लगाइ असुल गर्न सक्नेछ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा इकाई वा सो भन्दा बढी स्थानमा संचालन गरेकोमा ६० दिन भित्र सोको जानकारी कार्यालयलाई दिनु पर्नेछ।

(३) करदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नुपर्नु भएमा त्यसको कारण परेको मितिले साठी दिन भित्र कार्यालयमा जानकारी दिनुपर्नेछ ।

(४) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(६) एकपटक व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असूल गरिनेछ ।

(७) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

१८. **जडीबुटी, कवाडी र जीवजन्तु कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मतृ वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार (विल वा विजक वा लेनदेन) गरेवापत **अनुसूची-६** बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तुकर लगाइने र असूल गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले ब्यवसाय इजाजत दिदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

**परिच्छेद-५**

## करदाता दर्ता सम्बन्धी व्यवस्थाः

**१९. करदाताको पहिचानः** (१) कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ।

(२) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार वा कुनै माध्यमबाट कार्यालयलाई प्राप्त सूचना र कार्यालयले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(३) कर अधिकृतले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राखु पर्नेछ ।

(४) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोवार गर्दा सोहि नम्बरको प्रयोग गर्नु पर्नेछ ।

**२०. करदाताको दायित्वः** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,

(छ) कार्यालयलाई आवश्यक सहयोग गर्ने ।

**२१. करदाताको अधिकारः** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने,

(ग) कर सम्न्बधी विषयमा प्रमाण पेश गर्ने,

(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरीक्षक नियुक्ति गर्ने,

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अतिक्रमण नहुने अधिकार।

(२) करदाताले उपदफा (१) बमोजिम अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

**२२. करदाताको प्रतिनिधित्वः** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद-६

## विवरण सम्बन्धी व्यवस्थाः

**२३. विवरण दाखिला गर्न आदेश दिन सक्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कार्यालयमा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

**२४. विवरण सच्याउन सकिनेः** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

**परिच्छेद-७**

**कर दाखिला सम्बन्धी व्यवस्थाः**

**२५. कर दाखिला गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्ष भित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर त्यस्तो करकट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

२६. **कर दाखिलाको निस्सा दिनुपर्नेः** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर रावश्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

**परिच्छेद-७**

**कर फिर्ता र समायोजन**

**२७. कर फिर्ता वा समायोजन सम्बन्धी व्यवस्थाः** (१) करदाताले यस ऐनबमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता वा समायोजन माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने वा समायोजन गर्ने निर्णय गर्नु पर्नेछ ।

**परिच्छेद-९**

**कर निर्धारण सम्बन्धी व्यवस्थाः**

**२८. कर निर्धारणः** (१) करदाताले आफूले बुझाउनु पर्ने करको स्वयं कर निर्धारण गरी कर सम्बन्धी सम्पूर्ण विवरण कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) स्वयम् कर निर्धारण गर्दा गलत वा झुट्टा विवरण वा कागजात पेश गरेको जानकारी भएमा सोको छानविन गरी लाग्ने करमा थप जरिवाना गर्न सक्नेछ ।

**परिच्छेद-१०**

**कर असुल सम्बन्धी व्यवस्थाः**

२९. **कर असुल सम्बन्धी अन्य व्यवस्थाः** (१) यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर, व्याज र शुल्क बापत रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कार्यालयबाट प्रदान गरिने सेवा तथा सिफारिस रोक्का गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

३०. **किस्तावन्दीमा कर असूलीः** कुनै खास करदातालाई बिशेष परिस्थितिको अवस्थामा समयमा कर तिर्न नसक्ने भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ।

**परिच्छेद-११**

**जरिवाना शुःल्क र व्याज**

३१.**जरिवाना लाग्नेः** यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

३२.**व्याज लाग्ने:** यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर समयमा दाखिला नगरेमा बुझाउनु पर्ने रकमको वार्षिक दश प्रतिशत व्याज लाग्नेछ ।

३३.**अभिलेख नराखेमा शुल्क लाग्ने:** यस ऐन बमोजिम राख्नुपर्ने कर्तव्य भएका करदाता (आर्थिक कारोबारका आधारमा कर बुझाउनु पर्ने दायित्व भएका) ले अभिलेख नराखेमा रु. १०००।- शुल्क लाग्नेछ ।

३४.**समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने:** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु. १०००। शुल्क लाग्नेछ ।

३५. **व्याज नलाग्ने:** यस ऐन बमोजिम लाग्ने शुल्क व्याज र जरिवानामा पुनः व्याज लाग्ने छैन।

## परिच्छेद-१२
## पूर्वादिश र प्रशासकीय पुनरावलोकनः

३६. **पूर्वादिश माग गर्न सक्ने:** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादिश जारी गरी करदातालाई सो पूर्वादिश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूवदिश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादिश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

३७. **प्रशासकीय पुनरावलोकन हुन सक्ने:** यस ऐनबमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछ ।

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण, र संशोधित कर निर्धारण सम्बन्धी निर्णय ।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धी निर्णय ।

३८. **प्रशासकीय पुनरावलोकनको प्रक्रिया:** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावेदनका लागि निवेदन दिन सक्नेछ ।

(२) त्यस्तो प्रशासकीय पुनरावलोकनमा प्रमुख प्रशासकीय अधिकृतले राजश्व परामर्श समितिको राय सहित निवेदन परेपछिको पहिलो कार्यपालिकामा निर्णयार्थ पेश गर्नुपर्नेछ।

## परिच्छेद-१३
## पुनरावेदनः

३९. **उजुरी नलाग्ने:** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

४०. **पुनरावेदन दिन सक्ने:** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-१४
## गैरकर राजश्व

४१. **पर्यटन शुल्क:** (१) नगरपालिका क्षेत्रभित्र उद्यान, पार्क प्रवेश शुल्क निर्धारण र संकलन गर्न सक्नेछ ।

(२) सांस्कृतिक तथा पुरातात्विक सम्पदास्थल वा पर्यटन व्यवसाय र पर्यटकीय पूर्वाधार आदिमा लाग्ने पर्यटन शुल्क प्रदेश कानुन बमोजिम हुनेछ ।

**४२. बिक्री गर्न सक्नेः** (१) नगरपालिकाले प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवं माटोजन्य वस्तुको बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर आदिको बिक्री गर्न सक्नेछ ।

(३) विक्रीबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

**४३. सेवा, शुल्क तथा दस्तुरः** नगरपालिकाले संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिमका क्षेत्र वा विषयमा आफुले पुर्‍याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

४४. **पार्किङ्ग शुल्कः** नरपालिका आफूले निर्माण वा व्यवस्था गरेको पार्किङ्ग स्थलमा सवारी साधन पार्किङ्ग शुल्क लगाई उठाउन सक्ने छ । तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटीमा पार्किङ्ग शुल्क उठाइने छैन ।

४५. **बहाल विटौंरी शुल्कः** नगरपालिकाले सार्वजनिक वा नगरपालिकाको नाममा रहेको वा ऐलानी जग्गा वा त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहाल विटौंरी शुल्क लगाई उठाउन सक्नेछ ।

४६. **अन्य शुल्क लगाउन सक्नेः** (१) नगरपालिकाले संविधान र संघीय एवं प्रदेश कानुन को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ वा विषयमा शुल्क लगाउन सक्ने छ ।

(२) उपदफा (१) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण त्यस्तो निर्णय भएको मितिले सात कार्य दिनभित्र नगर सभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

४७. **छुट वा मिनाहाः** (१) खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्व आधार र कारण खुलाई कार्यपालिकाले निर्णय गरी आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ।

(२) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोबारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपालिकाले तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ ।

(३) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-१५

## समन्वय सम्बन्धी व्यवस्था

४८. **नेपाल सरकार र प्रदेश सरकारसँग समन्वयः** (१) नगरपालिकाले संघीय कानून वा प्रदेश कानुन वा यस ऐन बमोजिम असूल गर्नु पर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणाली अपनाउन नगरपालिका वा नगरपालिकाले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा प्रदेश सरकार सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजश्व आधार र दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकार वा प्रदेश सरकारसँग समन्वय गर्न सक्ने छ।

४९. **केन्द्रीय बैंकसँग समन्वयः** नगरपालिकाले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

५०. **अन्य निकाय, कार्यालय र संस्थासँग समन्वयः** नगरपालिका वा नगरपालिकाले तोकेको अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद-१५

## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धी व्यवस्था

५१. **राजश्व सम्बन्धी नयाँ प्रस्तावः** नगरपालिकाले कर तथा गैरकर सम्बन्धि नयाँ प्रस्ताव तयार गर्दा सरोकारवाला सँग परामर्श गर्नुपर्नेछ ।

५२. **सूचना सार्वजनिक गर्नुपर्नेः** (१) यस कानून बमोजिम स्थानिय सरकारले लगाएको कर र गैर कर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई वेभाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले कर राजश्वका दर र हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-१७

## विविध

५३. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेदिएको भए तापनि नगरपालिकाले विद्युतीय माध्यम (अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**५४. अनुसूचीमा हेरफेरः** नगरपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ । त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

**५५. कागजातको ढाँचाः** (१) यो ऐनमा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा तरीका वा जानकारी सम्बन्धमा आवश्यक व्यस्था गर्न सक्नेछ ।

५६. **सूचना तामेली रीत पुगेको मानिनेः** (१) यस ऐन बमोजिम दिनुपर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,
(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,
(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,
(घ) नाबालिकको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,
(ङ) कार्यालय, संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,
(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्रि गरी पठाएको ।

(२) कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनस्क्रीप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपुर्वक मानिनेछ।

५७. **कागजातको अभिलेख राख्नेः** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले नगरपालिकामा बुझाउनु पर्ने राजश्व सम्बन्धी आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ।

(२) नगर कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्त भएको मितिले कम्तिमा ४ बर्षको अवधीसम्म सुरक्षित राख्नु पर्नेछ ।

५८. **अदालतलाई भए सरहको अधिकार हुनेः** यस ऐनको प्रयोजनको लागि नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान, गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

५९. **आदेश वा निर्देशन दिन सक्नेः** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउननेपालको संविधान र संघीय तथा प्रदेश सरकारले कर सम्बन्धी कानून र यो ऐनको पालना गर्नु कार्यपालिकाको कर्तव्य हुनेछ ।

६०. **कर अधिकृतको परिचय पत्रः** कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

६१. **विभागीय कारवाही र सजाय हुनेः** (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाताबीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकारप्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानबिन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिने छ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन ।

६२. **पुरष्कृत गर्न सक्नेः** (१) नगरपालिकाले यथार्थपरक र विश्वासनीय तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने करदातालाई प्रत्येक वर्ष पुरष्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुरष्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

६३. **म्याद, हदम्याद नजानेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः

(क) अदालतबाट स्थगन भएको वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्म अवधि ।

६४. **निर्देशिका वा कार्यविधि बनाउने अधिकारः** यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न कार्यपालिकाले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

## अनुसूची-१

(दफा १० उपदफा (४) को (घ) सँग सम्बन्धित

ह्रासकट्टी गर्ने तरीका

यस ऐन बमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरीकाः समान कट्टी तरीका (युनिफर्म चार्ज मेथड) को फिक्सड इन्सटालमेण्ट मेठ्ठड अनुसार हुनेछ । यसको गणना देहाय बमोजिम गर्नुपर्नेछः

**शुत्रः**

ह्रासकट्टी रकम = सम्पत्तिको प्रारम्भिक मूल्य - अनुमति शेष मूल्य
सम्पत्तिको आयु (वर्ष)

उदाहरणः

कुनै सम्पत्तिको मूल्य शुरुमा रु. १००००००।- छ । यसको आयु २० वर्ष छ । २० वर्ष पछि यो सम्पत्ति बिक्रि गर्दा रु. २०००००।- आउछ भने यसको प्रति वर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ ।

ह्रासकट्टी रकम = १००००००-२०००००
२०

= ८०००००
२०

= ४००००।-

(प्रतिवर्ष रु. ४००००।- ह्रासकट्टी खर्च घटाउन पाइन्छ ।)

# <u>अनुसूचि २ गैडाकोट नगरपालिकाको आर्थिक ऐन, २०७७ को मस्यौदा</u>

## गैंडाकोट नगरपालिकाको
## आर्थिक विधेयक

गैडाकोट नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**<u>प्रस्तावना:</u>**गैडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गैडाकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " आर्थिक ऐन २०७७ " रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि गैडाकोट नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२) सम्पति करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर,जग्गा र त्यस्तो जग्गामा वनेको भौतिक संरचनामा सम्पति कर लगाई असुल उपर गरिने छ।

२)उपदफा १ बमोजिम लगाईने सम्पत्ति करको दर **<u>अनुसुचि (१)मा</u>** उल्लेख भए बमोजिम हुनेछ ।

**३) भुमिकर(मालपोत)**:गैडाकोट नगरपालिका क्षेत्रभित्र **<u>अनुसूचि (२)</u>** बमोजिम भुमिकर (मालपोत) लगाइने र असुल उपर गरिने छ ।

**४) घर जग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा **<u>अनुसुचि (३)</u>** बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

**५) व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **<u>अनुसुचि (४)</u>** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**६) जडिबुटि,कवाडि र जिवजन्तु करः**१) नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन ,खोटो,जडिबुटी,वनकस,कवाडि माल र प्रचलित कानुनले निषेध गरेको जिवजन्तु वाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड,सिङ,प्वाख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार (विल वा विजक वा लेनदेन) गरे वापत **<u>अनुसुचि (५)</u>** बमोजिम जडिबुटि,कवाडि र जिवजन्तु कर लगाइने र असुल उपर गरिने छ ।

२)उपदफा (१) वमोजिमका वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने सर्त र विधि समेत तोकि इजाजत दिईने छ।

**७) सवारी साधन करः १)**नगरपालिकामा दर्ता भिएका टाँगा,रिक्सा,अटो रिक्सा र ई रिक्सा मा **<u>अनुसुची (६)</u>** बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिने छ । प्रदेश कानुनले अन्यथा व्यवस्था गरेको अवस्थामा सोहि अनुसार हुनेछ ।

**८) विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन तथा प्रचार प्रसारका लागि राख्न दिने साइनबोर्ड,स्टल लगायतमा **<u>अनुसुचि (७)</u>** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

**९) मनोरञ्जन करः** नगरपालिका क्षेत्र भित्र संचालित सिनेमा हल, साँस्कृतिक प्रदर्शन हल, थियटर संगित, मनोरञ्जन प्रदर्शन स्थल ,जादु, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसायमा प्रदेश कानुन तोके बमोजिम मनोरञ्जन कर असुल उपर गरिने छ।

**१०) वहाल विटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्रआफूले निर्माण रेखदेख वा संचालन गरेका हाट बजार वा पसल वा सरकारी जग्गामा वनेका संरचनाको उपयोग वापत **<u>अनुसुचि (८)</u>** मा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**११) सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण,संचालन वा व्यवस्थापन गरेका **<u>अनुसूचि(९)</u>**मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२) पार्किङ शुल्कः**१)नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत **अनुसूची(१०)** उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाई असूल उपर गरिनेछ ।

२) नगरपालिकाले उपदफा (१)बमोजिम तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सकिने छ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

३)नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरि ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा गर्नेछ ।

**१३) सामुदायिक वनबाट आम्दानी प्राप्त गर्नेः**गैडाकोट नगरपालिका भित्रका सामुदायिक वनले वनपैदावरको विक्रिगरे वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा हुने गरि प्राप्त गरिने छ ।

**१४) दण्ड जरिवानाः** (१) नगरपालिकाले निर्धारण गरेको कर शुल्क तथा महशुल तोकिएको समयमा भुक्तानि नगरेमा सम्बन्धित कानुनमा दर तोकिएकोमा सोहि बमोजिम र नतोकिएकोमा गैडाकोट नगरकार्यापालिका बाट निर्धारित दरमा जरिवाना सहित वक्यौता असुल उपर गरिनेछ ।

(२)उपदफा (१)मा उल्लेखित व्यवस्था वाहेक प्रचलित कानुन पालना नगरेको कसुरमा नगरपालिकाको तर्फबाट लगाउने अन्य दण्ड जरिवाना रकम सम्वन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१५) कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई यस ऐनमा उल्लेख भए भन्दा वाहेक अन्य कुनै किसिमको कर छुट दिईने छैन ।

**१६) कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरकार्यपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची – १
(दफा २ सँग सम्वन्धित )
सम्पति करको दर

(1) सम्पत्ति करको मूल्याङ्कन दर

| सि.नं | मूल्यांकन रकम रु | वार्षिक सम्पत्ति कर रु |
|---|---|---|
| १ | रु १ लाख देखि रु १० लाखसम्म | पचास रुपैयादेखि दुईसय रुपैयासम्म |
| २ | रु १० लाख १ देखि रु २० लाखसम्म | दुईसय पचास रुपैयादेखि चारसय रुपैयासम्म |
| ३ | रु २० लाख १ देखि रु ३० लाखसम्म | पाँचसय रुपैयादेखि एकहजार रुपैयासम्म |
| ४ | रु ३० लाख १ देखि रु ५० लाखसम्म | एकहजार दुईसय रुपैयादेखि तीनहजार रुपैयासम्म |
| ५ | रु ५० लाख १ देखि रु १ करोडसम्म | तीनहजार पाचसय रुपैयादेखि दश हजार रुपैयासम्म |
| ६ | रु १ करोड १ देखि रु २ करोडसम्म | बाहहजार रुपैया¤ देखि बीस हजार रुपैयासम्म |
| ७ | रु २ करोड१देखि रु ५ करोड | पच्चीस हजार रुपैया देखि साठि हजार रुपैया सम्म |
| ८ | रु ५ करोड१देखि माथिजतिसुकै भएपनि | रु २(दुई) प्रति हजारका दरले |

(ख) भौतिक संरचनाको प्रकार, हसकट्टीको दर, वर्ष र वार्षिक करको दररेटः

| संरचनाको किसिम | प्रतिवर्ष/हस कट्टी दर | ह्रासकट्टी वर्ष | करको दर प्रतिवर्गफूट रु |
|---|---|---|---|
| १ RCC फ्रेम स्टक्चर | २.२२% | ४५ वर्ष | ६३५।– |
| २ माटोको जोडाई RCC छाना वा सिमेन्टको जोडाई र जस्ताको छाना | ३.३३ % | ३० वर्ष | ५७५।– |

| | | | |
|---|---|---|---|
| ३ माटोको जोडाई जस्ता/टायलको छाना | ४.०% | २५ वर्ष | ५२५।– |
| ४ ढुंगा वा इटाको पर्खालबाट बनेको घर | ५.०% | २० वर्ष | ४५०।– |
| ५ अस्थायी कच्ची घर | ६.६६% | १५ वर्ष | ३७५।– |

(ग) सम्पति कर तिर्ने करदाताले प्रत्येक आ. व. को सुरु देखि पौष मसान्त सम्म कर तिर्न आएमा सम्पति करमा १० प्रतिशत छुट दिईनेछ।
घ) हाईटेन्सन लाइन मुनिको जग्गा भनि सम्वन्धित वडाबाट सिफारिस भइ आएमा सो जग्गाको सम्पति कर सोहि वडाको सवै भन्दा कम मुल्याङ्कन सिलिङमा राखि मुल्य निर्धारण गरि सम्पति कर असुल उपर गरिने छ र हाईटेन्सन लाइन मुनिको जग्गाको क्षेत्रफल सम्वन्धित वडा समितिले वा वडा अध्यक्षले एकिन गरे बमोजिम हुनेछ।
ङ) सम्पति करको अन्य प्रकृया कार्यविधीमा आधारित हुनेछ।

अनुसूचि-२
(दफा ३ सँग सम्वन्धित)
भुमिकर (मालपोत)

- तत्कालिन सम्पति कर लागु भएको वर्ष भन्दा अघिल्लो वर्ष सम्मको वक्यौता रकम असुल उपर गर्ने सन्दर्भमा भुमिकर तथा मालपोत कर लगाईनेछ।

अनुसूचि-३
(दफा ४ सँग सम्वन्धित)
घर जग्गा बहालकरको दर

- नगरपालिका क्षेत्रभिका घर, पसल, ग्यारेज, गोदाम टहरा, शेड, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आशिंक रुपमा बहालमा दिएकोमा बहाल रकमको १० प्रतिशत बहाल कर असुल गरिनेछ।
- बैदेशिक प्रयोजनका लागि आम्दानि प्रमाणित गर्न भनि मात्र पेश भएका प्रमाणका आधारमा घर जग्गा बहाल करमा ५०% छुट दिइनेछ ।

अनुसूचि -४
(दफा ५ सँग सम्वन्धित)
व्यवसाय कर

- गैडाकोट नगरपालिकावाट आगामि आर्थिक वर्ष २०७७/०७८ कालागि देहायवमोजिमका व्यवसाय करका दर निर्धारण गर्ने।
- व्यवसाय कर वार्षिकः– विभिन्न किसिमका ब्यवसाय करः (दर्ता तथा नविकरणमा ) गर्दा लिने दस्तुर रकमः–

| **व्यवसाय कर** | | | |
|---|---|---|---|
| १ | | होटल तथा लज तर्फ | रकम रु. |
| | | Swimming पुल सहितको होटल तथा लज | ५,०००।– |
| | | क श्रेणी Swimming पुल | ३,०००।– |
| | | ख श्रेणी Swimming पुल | २,०००।– |
| | | क श्रेणीलज | १,५००।– |
| | | ख श्रेणी लज | १,०००।– |
| २ | | होटल भोजनालय | |
| | | क श्रेणी | १,०००।– |
| | | ख श्रेणी | ८००।– |
| ३ | | रेष्टुरेन्ट एण्ड बार | |

| व्यवसाय कर | | | |
|---|---|---|---|
| | | क श्रेणी लज समेतको | २,५००।– |
| | | ख श्रेणी | २,००० ।– |
| ४ | | मिठाई पसल | |
| | | क श्रेणी (मिष्ठान्न भण्डार) | १,५०० ।– |
| | | ख श्रेणी | १,०००।– |
| ५ | | चिया तथा कफी पसल | |
| | | क श्रेणी | ५००।– |
| | | ख श्रेणी | ४००।– |
| ६ | | च्याउ उत्पादन तथा विक्री व्यवसाय | |
| | | क श्रेणी | ८००।– |
| | | ख श्रेणी | ४००।– |
| ७ | क | माछा मासु पसल | |
| | | माछा पसल | |
| | | क श्रेणी | १,५००।– |
| | | ख श्रेणी | १,०००। |
| | ख | खसीको मासु पसल | |
| | | क श्रेणी | १,५००।– |
| | | ख श्रेणी | १,०००। |
| | ग | राँगाको मासु पसल | |
| | | क श्रेणी | १,५०० ।– |
| | | ख श्रेणी | १,०००। |
| | घ | बुंगुरको मासु पसल | |
| | | क श्रेणी | १,००० ।– |
| | | ख श्रेणी | ८००।– |
| | ङ | कुखुरा तथा अन्य मासु पसल | |
| | | क श्रेणी | १,५०० ।– |
| | | ख श्रेणी | १,०००। |
| ८ | | छाला संकलन गर्ने सँग | |
| | | एकै दर | १,०००।– |
| ९ | | अण्डा पसल | |
| | | क श्रेणी | १,००० ।– |
| | | ख श्रेणी | ७००।– |
| १० | | फलफुल पसल | |
| | | क श्रेणी थोक विक्रेता | १,००० ।– |
| | | ख श्रेणी खुद्रा विक्रेता | ८००।– |
| | | ग श्रेणी खुद्रा विक्रेता(ठेला व्यवसायी) | ५००।– |
| ११ | | सागसब्जी तथा तरकारी पसल | |
| | | क श्रेणी थोक विक्रेता | १,०००। |
| | | ख श्रेणी खुद्रा विक्रेता | ८००।– |
| १२ | | सुन चाँदी गर गहना पसल | |
| | | क श्रेणी (व्यवसाय गर्ने) | ३,०००।– |
| | | ख श्रेणी आफै गहना बनाई व्यवसाय गर्ने | २,००० ।– |
| १३ | | धातुको काम गर्ने पसल | |

| व्यवसाय कर | | | |
|---|---|---|---|
| | | ज्यासल वा आरन राखी काँच, तामा, पित्तलको भाँडा बनाई व्यवसाय गर्नेलाई | १,०००।– |
| १४ | क | औषधी पसल | |
| | | क श्रेणी थोक विक्रेता | ३,०००।– |
| | | ख श्रेणी औषधी खुद्रा पसल | १,५०० ।– |
| | ख | आयूर्वेदिक औषधी पसल | |
| | | क श्रेणी आयूर्वेदिक औषधी थोक विक्रेता | १,००० ।– |
| | | ख श्रेणी आयूर्वेदिक औषधी खुद्रा विक्रेता | ७००।– |
| १५ | | स्वास्थ्य सेवा तथा क्लिनिक | |
| | | मेडिकल कलेज | |
| | | क श्रेणी नर्सिङ्ग होम अस्पताल | ५,०००।– |
| | | ख श्रेणी नर्सिङ्ग होम अस्पताल | ३,०००।– |
| | | क्लिनिकमा जाँच गर्ने कन्सलटेन्ट डाक्टर | २,००० ।– |
| | | अल्ट्रा साउण्ड, ईन्डोस्कोपी, ई.सी.जी. समेतको क्लिनिक | २,००० ।– |
| | | एक्स रे पसलबाट | १,००० ।– |
| | | चस्मा पसल | १,५०० ।– |
| | | दाँत बनाउने क्लिनिक | २,०००।– |
